# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७७
## ( Local Disaster and Climate Resilience Plan, 2077 )

नेपाल सरकार

**कर्जन्हा नगर कार्यपालिकाको कार्यालय**

कर्जन्हा नगरपालिका, सिरहा

**दस्तावेज :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७७ ,कल्याणपुर नगरपालिका

**प्रकाशकः** नेपाल सरकार, कर्जन्हा नगरपालिका, कमला जलाधार क्षेत्रका समुदायको उत्थानशीलता, जीविकोपार्जन तथा पोषण सुरक्षा अभिबृद्धि परियोजना (जीविकोपार्जन परियोजना),सिरहा

**सर्वाधिकार :**© कर्जन्हा नगरपालिका, सिरहा

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग :**

यो योजना BMZ/ WHH, फरवार्ड नेपाल तथा आसमान नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको हो ।

**उद्धहरणः**

**नेपालीः “कर्जन्हा नगरपालिका, २०७७, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७७”,** कर्जन्हा नगरपालिका, सिरहा, नेपाल ।

**English:** “Karjanha Municipality, 2020. *Local Disaster and Climate Resilience Plan, 2077”,* Karjanha Municipality, Siraha, Nepal.

# कर्जन्हा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## कर्जन्हा, सिरहा

**प्रदेश नं. २, नेपाल ।**

### शुभकामना सन्देश

कर्जन्हा नगरपालिका सिरहा जिल्लाको कमला खोली किनार र चुरे क्षेत्र संग जोडिएकोले बहुप्रकोप प्रभावित नगरपालिकाको रुपमा परिचित छ । कमला खोला बाहेक चुरेबाट बग्ने अन्य स-साना खोलाहरुले समेत यस नगरपालिकामा प्रत्येक बर्ष बाढीको जोखिम भइरहने गर्दछ । त्यस्तै अन्य विपद्हरुको जोखिमवाट समेत नगरपालिकामा जनधनको क्षति हुने गरेको छ । बर्षेनी हुने प्रकोपबाट कर्जन्हा वासीहरुलाई विपद्को बेलामा राहत दिने वा व्यवस्थापन गर्ने कुरामा स्रोत सधान सिमित भएको परिपेक्षमा विपद् तथा जलवायु परिवर्तनलाई योजनावद्ध र व्यवस्थित गर्न कर्जन्हा नगरपालिकाले प्रयास शुरु गरेको जानकारी पाउँदा म तथा सिंगो नगरपालिका हर्षित छ । यस प्रकारको प्रयासका लागि हार्दिक शुभकामना दिन चाहन्छु । नेपाल सरकारले पनि विपद् व्यवस्थापनलाई विपद् आए पछि भन्दा आउँनु पूर्व नै जोखिमको न्यूनीकरण तथा व्यवस्थापनका लागि जोखिमको अल्पीकरण तथा विपद् पूर्वतयारीलाई जोड दिएको छ । यही परिपेक्षमा यस नगरपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितितथा वडा विपद् तथा जलवायु उत्थानशील समिति गठन भईसकेको र आगामी दिनमा यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरि कार्यान्वयन गर्ने तयारीमा रहेको छ । यो योजना तर्जुमा समग्र नगरपालिका कै लागि सिकाई तथा सन्दर्भ सामग्रीको रुपमा लिईने छ । यो योजना विपद्को उच्च जोखिममा रहेको समुदायका लागि मार्गदिशा प्रदान गर्ने तथा अन्य समुदायले यस्तै प्रयास गर्न उत्प्रेरणा जगाउँने आशा राखिएको छ ।

यो योजनाले समुदायको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका स्थानीय आवश्यकताहरुको पहिचान गरेको छ । त्यसैले नगरपालिकाले यी योजनालाई नगरपालिका मार्फत प्राथमिकतामा राखेर नगरपालिकाको आवधिक तथा बार्षिक योजनाहरुमा समावेश गर्न सुझाव सहित आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । यो योजनाको कार्यान्वयनले समग्र नगरपालिकालाई दीगो, सुरक्षित तथा उत्थानशील समाज निर्माणमा सहयोग पुग्ने भएकोले यसको कार्यान्वयनमा नगरपालिकाले सक्दो सहयोग गर्न ईच्छुक रहेको जानकारी गराउदछु । यो योजना तर्जुमा गरी कार्यान्वयनको अवस्थामा ल्याउनु भएकोमा नगर कार्यपालिका, तथा सम्पुर्ण नगरपालिका समिति, कर्मचारी, स्थानीय विद्यालय तथा शिक्षक, ज्येष्ठ नागरिक, महिला, युवा, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति तथा अन्य सरोकारवालाहरु लाई हार्दिक शुभकामना व्यक्त गर्दछौं । यो योजना निर्माणमा BMZ/WHH आसमान नेपाल तथा फरवाड नेपालले नगरपालिका तथा नगरपालिकासँग गरेको समन्वय, सहकार्य र सहयोगका लागि विशेष धन्यवाद तथा शुभकामना दिन चाहन्छु । यो योजना समग्र नगरपालिका कै सम्पत्ति तथा विपद् तथा जलवायु उत्थानशीलताको लागि कोसेढुंगा हो । त्यसैले यो योजना कार्यान्वयनको लागि पनि सफलताको शुभकामना ।

..................

गंगा पासवान

नगर प्रमुख, कर्जन्हा

नगर प्रमुख

## कर्जनहा न.पा.को स्थानीय बिपद तथा उत्थानशिल जलवायु योजना, २०७७ का संदर्भमा जिल्ला प्रशासन कार्यालय सिरहाको शुभकामना

नेपाल बढी, पहिरो, डुवान, आगलागी, महामारी, भुकम्प, हावाहुरी, चट्याङ, असिना, तातोहावा, खडेरी, शीतलहर, सडक दुर्घटना, जस्ता बहु प्रकोप जोखिममा रहेको मुलुक हो । विश्वमान चित्रमा विपद्का हिसावले २० औ संकटासन्न देशको रुपमा रहेको छ । भुकम्पिय जोखिमको हिसावले ११ औं, पानीजन्य जोखिमको हिसावले ३० ओ र जलवायू परिवर्तनको प्रभावको  हिसावले नेपाल चौथौ जोखिममा रहेको देश हो । भौगोलिक अवस्थिती आर्थिक कमजोरी शहर केन्द्रित बसाई सराई ,प्रकृतिक स्रोतको अत्याधिक प्रयोग जस्ता कारणबाट जोखिमको दर दिनानु दिन बढ्दै गएको अबस्थामा नेपालको वर्तमान राज्य पुर्न संरचनाले स्थानीय तहहरुलाई जिम्मेवार तथा अधिकार सम्मपन्न गराउदै गर्दा यस्ता जोखिमहरुको न्यूनीकरण, पुर्वतयारी जस्ता कियाकलापहरुको संचालनबाट संकटासन्न अबस्थामा रहेका समुदाय ,वडा तथा स्थानीय तहलाई उत्थानशिल बनाउनु पर्ने नीतिगत तथा व्यवहारिक आवश्यकता रहेको छ ।

उत्थानशील समाज निमार्णको लागि विकास योजनामा विपद तथा जलवायु उत्थानशिल सवाललाई एकीकृत रुपमा मुल प्रवाहकिरण गर्न जिम्मेवार निकायहरुले आवश्यक कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ । यस सन्दर्वमा विपद्, जलवायु तथा उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तह सम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मुल प्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसाथ गरी दीगो विकासको मान्यतालाई सुनितिश्चत गर्न जोखिममा रहेका सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानिय स्रोत तथा साधन र क्षमताको परिचालनमा जोखिम न्यूनीकरण र पुर्व तयारीमा जोड दिनु पर्ने आवश्यकता भएको छ । यस प्रक्रियालाई सहभागितामुलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति ऐन २०६६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एन २०७४ एवं राष्ट्रिय रणनीति प्रतिवद्धताका सबै विपद् जोखिम न्यूनिकरण तथा व्यवसथापन ऐन २०७४ को परिच्छेद ७ दफा १७ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न.) ले दिएको अधिकार प्रयोग गरी यस कर्जन्हा नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण भएकोमा सफल कार्यानवयनको हार्दिक शुभकामना साथ खुशी व्यक्त गर्न चाहन्छु ।

यस योजना तयार गर्न लागि पर्नुहुने कर्जन्हा नगरपालिकाका प्रमुख, उप प्रमुख ,स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति , योजना तर्जुमा उपसमिति सबै सरोकारवाला  निकायहरु, विपद् फोकल व्यक्ति, आर्थिक तथा प्रविधिक सहयोग गर्ने BMZ/WHH तथा आसमान नेपाल र फोरवार्ड नेपाल संस्थालाई धन्यवाद व्यक्त गर्दछु ।

प्रमुख जिल्ला अधिकारी

प्रदिपराज कणेल

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्व चेतावनी प्रणाली | Early Warning System |
| वातावरणनीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उतथानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न/सङ्कटासन्नता | Vulnerable/Vulnerability |

## संक्षिप्त शब्दः

| | |
|---|---|
| **प्रजिअ** | प्रमुख जिल्ला अधिकारी |
| **न.पा** | नगरपालिका |
| | |
| **नविव्यस** | नगर स्तरीय विपद् व्यवस्थापन समिति |
| **स्थाविव्यस** | स्थानिय विपद् व्यवस्थापन समिति |
| **अ/गैसस** | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| **जमौविवि** | जल तथा मौसम विज्ञान विभाग |
| **जिसस** | जिल्ला समन्वय समिति |
| **जिविव्यस** | जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति |
| **जिकृविका** | जिल्ला कृषि विकास कार्यालय |
| **जिप्राका** | जिल्ल प्राविधिक कार्यालय |
| **जिशिअ** | जिल्ला शिक्षा अधिकारी |
| **जिशिका** | जिल्ला शिक्षा कार्यालय |
| | |
| **नेरेसो** | नेपाल रेडक्रस सोसाइटी |
| **नेसे** | नेपाली सेना |
| | |
| **शप्रब** | शसस्त्र प्रहरी बल |
| **स्थाविअ** | स्थानीय विकास अधिकारी |
| **संरासंविका** | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| **साप्रव्यस** | सामुदायिक प्रकोप व्यवस्थापन समिति |

# बिषयसूची


खण्ड-१: प्रारम्भिक परिचय १

१.१ परिचय १

१.२ योजनाको परिकल्पना, ध्येय तथा लक्ष्य २

१.३ योजनाको उद्देश्य ३

१.४ योजनाको आवश्यकता तथा महत्व ४

१.५ योजनाका सीमा ५

१.६ योजना निर्माण प्रक्रिया विधि ६

१.७ योजना कार्यान्वयन रणनीति ८

१.७.१ योजनाको स्वीकृति ८

१.७.२ बजेट व्यवस्था ८

१.७.३ योजना कार्यान्वयन ८

१.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन ९

खण्ड-२: प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण १०

२.१ प्रकोपको पहिचान तथा स्तरीकरण १०

२.२ प्रकोप विश्लेषण ११

२.२.१ ऐतिहासिक विपद् समयरेखा १४

२.२.२ प्रकोप, मौसमी तथा बालीपात्रा ३०

२.३.नगरपालिकाको क्षमता विश्लेषण ३४

२.३.१ स्रोतको उपलब्धता तथा पहुच ३४

२.३.२ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन ३६

२.३.३ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र ३८

२.४ जोखिम पहिचान तथा विश्लेषण ४४

२.४.१. जोखिम व्यवस्थापन क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण ४४

२.४.२. तापक्रम र वर्षाको विश्लेषण ४५

खण्ड-३ दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति ४६

३.१ दीर्घकालिन सोंच ४६

३.२ परिदृश्य ४६

३.३ लक्ष्य ४६

३.४ उद्देश्य ४६

३.५ नीति ४७

३.६ रणनीति ४७

खण्ड - ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू ४९

४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरू ४९

४.१.१ नीतिगत व्यवस्था तथा निर्णय ४९

४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि ५०

४.१.३ जोखिम न्यूनीकरण ६२

४.१.४ आपत्कालीन पूर्वतयारी ७४

४.२ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू ८४

४.३ विपद् पश्चात्का पुर्नलाभः पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू ९९

खण्ड-५ः स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता १०६

अनुसुचिः १ बिषयगत क्षेत्र प्रमुख तथा सदस्यहरुहरुको बिवरण I

अनुसुची : २ II

# खण्ड-१ः प्रारम्भिक परिचय

## १.१ परिचयः

विपद्का घटना र जलवायु परिवर्तनका असर नेपालीहरुको नियति मात्र होईन अवसर पनि हो। विकास प्रयासको प्रतिफल दिगो र जिवन स्तरलाइ उच्च तथा समृद्ध बनाउँन विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनलाई विकास प्रयास कै एक मुख्य पक्षको रुपमा स्थापित गर्नु आवश्यक छ। तथ्याङ्कका आधारमा विभिन्न निकायले तयार पारेको प्रतिवेदनले नेपाल विश्वमा विपद् जोखिम र जलवायु परिवर्तनको उच्च संकटासन्न राष्ट्रको रुपमा रहेको देखाएको छ। नेपाल समग्र प्रकोप जोखिमको हिसावले २० औं स्थानमा, भूकम्पीय जोखिमको हिसावले ११ औं स्थानमा, बाढी तथा पहिरोको जोखिमको हिसावले ३० औं स्थानमा र जलवायु परिवर्तनको प्रभावको हिसावले चौथो स्थानमा पर्दछ । (Maplecroft 2011, BCPR 2004 cited in MoHA 2015) हामी नेपाली बहुप्रकोपको जोखिममा छौं । यहाँका ९५ प्रतिशत भन्दा बढी जनताहरु एक भन्दा बढी प्रकोपको संकटासन्न स्थानमा रहेका छन । त्यसमा पनि मानव सृजित विश्वव्यापी जलवायु परिवर्तनले जोखिमलाई थप बल प्रदान गरेको छ भने भविष्यमा जन, धन र विकासमा सबैभन्दा ठुलो चुनौति थपि दिने आँकलन गरिएको छ ।

जलवायु परिवर्तनको प्रत्यक्ष असर विशेष गरी वायुमण्डलीय तापक्रममा वृद्धिमा देखिएको छ, नेपालको परिप्रेक्ष्यमा वर्षाको समय तथा मात्रामा विषमता प्रत्यक्ष रुपमा अनुभव गरिएको समस्याको रुपमा रहेको छ। साथै, वर्षेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाको लहरहरु जस्ता घटनाहरु बढि मात्रामा देखिरहेका छन् । नेपालमा राष्ट्रिय अनुकुलन कार्यक्रम २०१० का अनुसार प्रमख रुपमा ६ क्षेत्र (कृषि तथा खाद्य सुरक्षा, जलश्रोत तथा उर्जा, जलवायु सिर्जित प्रकोप, वन जङ्गल तथा जैविक विविधता, जनस्वास्थ्य र शहरी बसोवास तथा पूर्वाधार) जलवायु परिवर्तनको असरबाट सवभन्दा प्रभावित रहेका छन् । यस्ता असरहरुले त्यसैगरि नेपालले भूकम्प जस्तो भयानक प्रकोपबाट पनि समय समयमा ठूलो नोक्सानी व्यहोरदै आएको छ । जलवायु परिवर्तनसँगै आएको अनिश्चितता एवं विषमतासँग जुध्ने स्थानीय उपायहरुको प्रभावकारितामा कम हुँदै गइरहेको छ र आगामी दिनमा अझ बढ्ने देखिन्छ। सिरहा जिल्ला नेपालको तराई भूभागमा प्रदेश २ अन्तर्गत रहेको छ । जसको फैलावट समुद्री सतहको ७६ मिटर देखि ८८५ मिटरको उचाई सम्म रहेको छ। यसको ९० प्रतिशत भन्दा बढि भूभाग तराई रहेको छ भने सानो क्षेत्र चुरे क्षेत्रमा पर्दछ। कमला, घुर्मी, बलान, मैनावती, खुटटी, गागर सहज, बेताहा, जीवा, भेडवा र डिम्मा प्रमुख नदी रहेको सिरहामा सबैजसो नदी खहरे रहेका छन् । बाढी, हुरीवतास, आगलागी, खडेरी, शितलहर, डुवान चट्याङ्, यस जिल्लाका प्रमुख विपदहरु रहेका छन् । यस जिल्लाको प्रमुख नदी कमला नदमि वि स २०४४, २०४८, २०५९, २०६१, २०६४, २०७१, २०७४ र २०७६ मा उल्लेखनीय रुपमा बाढी आएको तथ्यांकले बताउछ । (डिपीआरपी, सिराहा २०७५) जलवायु परिवर्तनको संकटासन्नताका आधारमा नेपालका विभिन्न जिल्लाहरुको प्राथमीकीकरण (नापा परियोजना, २०१०) मा सिरहा जिल्ला उच्च जोखिम श्रेणीमा रहेको छ।

विकासमा विपद् व्यस्थापनलाई मुलप्रवाहीकरण गर्न र संकटासन्नता परिवार वा समुदाय नै विपद् प्रतिकार्यको पहिलो प्रतिकार्यकर्ता हो तसर्थ जलवायु परिवर्तन अनुकूलनको जगमा अभ्यास गर्दै सुरक्षित संस्कृति तथा उत्थानशीलता उन्मुख बनाउँन स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको कोशेढुंगा हुन्छ । त्यसैले कर्जन्हा नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन तथा यसको प्रभावकारी कार्य सञ्चालनका लागि दिशानिर्देश गर्न यो स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयन गर्नु बाञ्छनीय भएकोले तत्कालिन स्थानीय विकास तथा संघीय मामिला मन्त्रालयको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ तथा नेपाल सरकार, वातावरण मन्त्रालयको स्थानीय अनुकूलन

कार्ययोजनाको राष्ट्रिय संरचना, २०६८ लाई एकिकृत गर्न तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा, २०७४ को आधारमा यो एकिकृत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

कर्जन्हा नगरपालिका प्रदेश नं. २ को सिरहा जिल्ला अन्तर्गत पर्दछन। राज्य पुर्नसंरचना गर्दा साविकको कर्जन्हा, बडरामाल, कल्याणपुर कलाबन्जर र गौताडी गाँउ बिकास समिति समावेश गरि निर्धारण गरिएको नगरपालिका हो। उष्णप्रदेशीय हावापानी भएको यस नगरपालिका कृषिमा आधारित समुदायको बसोबास छ र १३ वटा प्रकोपहरुले प्रत्येक बर्ष सताउँने गरेको छ। ती १३ वटा प्रकोपको जोडा तुलना गर्दा बाढी प्रमुख प्रकोपको रुपमा देखिएको छ। साथै सर्पदंश, आगलागी, शितलहर र सडक दुर्घटना दुई देखि पाँचसम्म स्तरका पर्ने प्रकोप हुन्। यो नगरपालिकामा मानवीय क्षति सहित ठुलो आर्थिक तथा भौतिक क्षति भएको विगत ३० बर्षको प्रकोप इतिहास समावेश गरिने प्रयास गरिएको छ। प्रकोपको दुवै तर्फ अगाडि तथा पछाडि समयमा विस्तार भएको देखिन्छ। प्रकोपमा सबैभन्दा बढी विस्तार बाढीको घटनामा भएको स्थानीय नगरपालिकाबासीको अनुभव रहेको छ। समग्रमा विपद्का घटनाहरु १५ दिनदेखि एक महिना विस्तारित भएको नगरपालिकाबासीहरुको अनुभव छ। नगरपालिका विपद्को संकटासन्न हुनुका कारणमा बाढीको संकटासन्न क्षेत्रमा बस्ती बस्नु, भूव्यवस्थापनको कमी, नदी किनारा संरक्षणको अभाव, नदी किनारामा खेतीपाति गर्नु, खोला किनारामा कमजोर तटबन्ध हुनु, बिषम मौसमी घटना, खोलाको जलाधार उजाड तथा वन विनास हुनु, चेतना कमी, सुरक्षित व्यवहारको अभाव, विपद् सुरक्षासम्बन्धि ज्ञान कम तथा जोखिम उठाउने प्रवृति हुनु, भवन आचार संहिता विपरित तथा भूकम्प सुरक्षालाई ध्यान नदिई घर तथा भवन बनाउँनु जस्ता कारणले यो संकटासन्न रहेको छ।

जनसंख्याको हिसाबले यहाँका २५ प्रतिशत भन्दा बढी जनसंख्या संकटासन्न समूहमा पर्दछ। स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिकाको मस्यौदामा उल्लेख भएका १४ वटा सुचकका आधारमा कर्जन्हा नगरपालिका बहुप्रकोपका दृष्टिले उच्च जोखिम भएको नगरपालिका हो। त्यसैले कर्जन्हा नगरपालिकामा रहेका भौतिक, आर्थिक, प्राकृतिक, संस्कृति, धार्मिक तथा सामाजिक सम्पदा तथा सम्पत्तिलाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील बनाई नगरपालिकामा दिगो विकास गर्ने तथा उत्थानशील नगरपालिका निर्माण गर्न यो योजना तर्जुमा गरी कार्यान्वयन गरिएको हो।

## १.२ योजनाको परिकल्पना, ध्येय तथा लक्ष्य

### परिकल्पनाः

योजनाको परिकल्पना कर्जन्हा नगरपालिकालाई विपद् जोखिम मुक्त नगरपालिकाको रुपमा स्थापित गर्ने रहेको छ।

### ध्येय :

यस योजनाको मुख्य ध्येय विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकासमा मुलप्रवाहीकरण गर्ने र समुदायको हरेक वर्गको जीवनस्तरमा सुधार ल्याई सुरक्षित बाँच्न पाउने अधिकार कायम गर्ने रहेको छ।

**लक्ष्य :**

यस योजनाको लक्ष्य विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्नुको साथै सहभागितामुलक प्रक्रियाबाट पहिचान गरिएका मुद्दाहरुलाई योजनाको रुप दिई पुर्वतयारीको कार्यहरु गर्ने, जीविकोपार्जन अभिवृद्धि गर्ने र विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास योजनाहरुमा मुलप्रवाहीकरण गर्ने रहेको छ ।

## १.३ योजनाको उद्देश्य:

कर्जन्हा नगरपालिकमा रहेका भौतिक, आर्थिक, प्राकृतिक, संस्कृति, धार्मिक तथा सामाजिक सम्पदा तथा सम्पत्तिलाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील बनाई नगरपालिकामा दिगो विकास गर्ने तथा उत्थानशील नगरपालिकाको रूपमा विकास गर्ने यस योजनाको दूरदृष्टि (Vision) रहने छ । यस योजनाको ध्येय (Mission) नगरपालिकामा विपद् जोखिम व्यवस्थापनका प्रत्येक चरणका क्रियाकलापहरु तथा जलवायु परिवर्तन अनुकूलनका नेपाल सरकारले प्राथमिकतामा परेका सबै विषयगत क्षेत्रहरुका क्रियाकलापलाई सन्तुलित रुपमा कार्यान्वयनमा ल्याई विपद् तथा जलवायु परिवर्तनबाट हुने मानवीय, आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक तथा पर्यावरण माथिको जोखिम तथा क्षतिमा उल्लेख्य कमी गर्नु रहेको छ ।
यस योजनाको लक्ष्य नगरपालिकामा विगत ३० बर्षमा भएको मानवीय, भौतिक तथा आर्थिक क्षतिलाई आधारले कम गर्ने र नगरपालिकाको जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत आधार तयार गर्ने रहेको छ । त्यस्तै विपद् प्रतिकार्यका लागि आवश्यक साम्रगी तथा उपकरणको व्यवस्था गर्ने तथा मानवीय स्रोतको विकास तथा व्यवस्थापन गर्ने र दक्ष स्वंम सेवक तयार गर्ने लक्ष्य लिएको छ । कर्जन्हा नगरपालिकाले निर्माण गर्ने विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन तयारीका लागि चाडै पहल गर्ने तथा विभिन्न राहत तथा मानवीय सहायताका मापदण्ड तयार गरी नगरपालिकामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ ।

प्राकृतिक तथा गैर प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट नगरपालिकामा भई रहेको मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक तथा पर्यावरणीय क्षतिलाई न्युनीकरण गर्दै सुरक्षा, अनुकूलता, उत्थानशीलता र दीगो विकासको अनुभूति नगरपालिकावासीलाई गराउँनु तथा सुरक्षित, स्वालम्बी र एकीकृत विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको कार्यहरुलाई नगरपालिका आफैंले नेतृत्व, जिम्मेवारलिई विकासको एक सवालको रूपमा विपद् र जलवायु परिवर्तन सम्बोधन गर्ने यस योजनाको मुख्य उद्धेश्य रहेको छ । यसको निम्न उद्धेश्यहरु रहेका छन् ।

- स्थानीय क्षमतामा आधारित विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको गतिविधिहरु सञ्चालन गर्दै कर्जन्हा नगरपालिकामा विपद् तथा जलवायु परिवर्तनबाट हुने जन, धन, भौतिक सम्पति, जीविकोपार्जन, सामाजिक तथा प्राकृतिक स्रोतहरुको क्षति उल्लेख्य कमी गर्नु ।
- नगरपालिकाको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु,
- नगरपालिकाका सबै उच्च संकटासन्न बस्ती तथा टोलमा विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा अल्पीकरणमा जोड दिई प्रभावकारी प्रतिकार्य तथा पुर्नलाभको वातावरण सिर्जना गर्नु ।

- जलवायु परिवर्तनका कारण प्राप्त अवसरहरुको अधिकतम उपयोग गर्दै नगरपालिकालाई जलवायुमैत्री तथा वातावरणमैत्री विकासका लागि उर्जा, जलस्रोत, जिविकोपार्जन, खानेपानी, सरसफाई तथा स्वच्छता, कृषि र खाद्य सुरक्षा, जलवायुजन्य विपद् व्यवस्थापन, वन तथा जैविव विविधता, सामाजिक समावेशीकरण, प्राकृतिक तथा संस्कृति सम्पदासम्बन्धि ज्ञान, सिप, प्रविधि तथा स्रोतको उपयोग र विस्तार गर्नु ।
- विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा केन्द्र सरकार, विपद्को क्षेत्रमा कार्य गर्ने संघसंस्था, सहयोगी निकाय जस्तै सुरक्षा निकाय, टेलिफोन प्रदायक संस्थाहरु तथा अन्य सरोवारवालाहरुसँग विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि प्रभावकारी समन्वय तथा सहकार्य गर्नु ।
- नगरपालिकाको नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिम जस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## १.४ योजनाको आवश्यकता तथा महत्व :

यो योजना नेपाल सरकारले स्थानीय सरकारको क्षेत्राधिकार भित्र राखेको विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धि कार्यहरुलाई व्यवस्थित तथा नेतृत्वदायी जिम्मेवारी लिनका लागि स्थानीय आवश्यकता, क्षमता र प्राथमिकतामा आधारित अवस्थाको पहिचान, स्थानीय माँग तथा आवश्यकता र औचित्यलाई व्यवस्थित गर्न तयार गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा रहेको विपद् व्यवस्थापन सम्बन्धि कार्यहरु तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय सरकारलाई तोकेको कार्यहरुलाई व्यवस्थित गर्न आवश्यक भएकोले यो योजनाको आवश्यकता तथा महत्व कर्जन्हा नगरपालिकामा रहेको छ ।

यो योजनाले कर्जन्हा नगरपालिकाको दीगो, वातावरणमैत्री, सुरक्षित र विपद् तथा जलवायु उत्थानशील समाज निर्माण गर्न मार्गनिर्देश गर्ने छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन गर्न स्थानीय आधार तयार गर्नु स्थानीय सरकारको कर्तव्य भएकोले सो आवश्यकता पूर्ति गर्न सहयोग गर्ने छ । जलवायु परिवर्तनका विभिन्न अभिसन्धी पुरा गर्न तयार गरेको राष्ट्रिय अनुकूलनको कार्यक्रम तथा जलवायु परिवर्तन नीतिको स्थानीय आवस्थकता पुरा गर्नेछ ।

सेन्डाई कार्यसंरचनाका लक्ष्य तथा प्राथमिकता प्राप्त कार्यहरु पुरा गर्न नेपाल सरकारले तयार विपद् व्यवस्थापन राष्ट्रिय नीति तथा कार्ययोजना (२०१८-२०३०) को कार्यान्वयनका यो योजना सहायक सिद्ध हुने छ । त्यस्तै यी प्रतिबद्धता र आवश्यकतालाई व्यवस्थित गर्न स्थानीय सरकारले गर्नुपर्ने कार्यहरुलाई स्थानीय आवश्यकता तथा प्राथमिकतामा आधारित निर्माण गरि स्थानीय सरकारको विकास योजनाको रूपमा बुझ्नु तथा विकासको सवालको रूपमा सम्बोधन गर्नु बाञ्छिनीय भएकोले यो योजना कर्जन्हा नगरपालिका लाई विपद् तथा जलवायु परिवर्तनबाट सुरक्षित, अनुकूलित र उत्थानशील समाजको रूपमा विकास गर्न महत्वपूर्ण हुनेछ ।

यो योजनाले विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय ऐन, नीति नियम, संस्थागत आधार, समन्वय, सहकार्य तथा नेतृत्व गर्ने क्षेत्रमा कार्यहरु गर्ने छ । विपद् जोखिम न्यूनीकरणका लागि विपद्को अल्पीकरण तथा पूर्वतयारीका कार्यहरु, विपद्को समयमा प्रतिकार्यका कार्यहरु र विपद् पश्चातका पुनर्स्थापना, पुर्ननिर्माण तथा पुनर्लाभका कार्यहरुलाई समावेश गर्ने छ । त्यस्तै जलवायु परिवर्तन अनुकूलनका लागि जलवायुमैत्री तथा वातावरणमैत्री क्रियाकलापहरुलाई विशेषगरी कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता संरक्षण, उर्जा तथा जलस्रोत, खानेपानी, सरसफाई तथा स्वच्छता, लैङ्गिक तथा सिमानतकृत समुह (सामाजिक समावेशीकरण), जीविकोपार्जन र सुशासन, पर्यटन, प्राकृतिक तथा संस्कृति सम्पदा, जलवायुमैत्री शहर वस्ती र पूर्वाधार जस्ता विषयहरु समावेश गर्ने छ ।

## १.५ योजनाका सीमा

विपद् जोखिम र जलवायु परिवर्तन विकासका मुद्दा मात्र नभई स्थानीय यर्थाथ पनि हो । यो योजना तर्जुमाका दौरानमा अपनाईएका विधिहरु पूर्ण छन् भनेर ठोकुवा गर्न भन्दा प्रतिनिधि मुलक छन् र योजना तर्जुमाका लागि सहयोगी छन् । तर यी सामाजिक विज्ञानमा आधारित विधि भएकाले वैज्ञानिक नतिजासँग शतप्रतिशत मेल नखान सक्छ तथा पूर्ण यर्थाथको प्रतिनिधित्व नगर्न सक्छ । समुदायको संकटासन्नता, क्षमता तथा जोखिमको विश्लेषण गर्दा धेरै पक्ष र विधी तथा औजारहरु प्रयोग गरिएको छ। तथापि थप सूचनाहरुले योजनालाई वजनदार बनाउँने कुरामा दुई मत छैन । प्राप्त समय, स्रोत तथा सुचनालाई अधिकतम उपयोग भने गरिएको छ। स्थानीय स्तरमा उपलब्ध तथ्याङ्क र सहभागितामा आधारित विधिले समाज तथा समुदायको अवस्थालाई भने प्रतिविम्वित गरेको छ ।

नगरपालिकाको यर्थाथतामा आधारित रहि तयार पारिएको योजनामा सरोकारवालाको सहभागितालाई जोड दिएको छ र समावेशी बनाउँन कोशिस गरिएको छ । कोशिसका बाबजुद समुदायमा भएका सबै घरधुरीहरुलाई योजना निर्माण तथा संकटासननता तथा क्षमता लेखाजोखामा समावेश गर्न सकिएको छैन । त्यस्तै यो योजना निर्माण तथा कार्यान्वयनका लागि तयार गरिएको संगठन पनि परिपक्क नभएको अवस्थामा यो योजना कार्यान्वयन गर्न कठिन हुने देखिन्छ । त्यस्तै यो योजनाका लागि ठूलो धनरासीको आवश्यकता रहेको छ । यो योजनाको वित्तीय व्यवस्थापनको चुनौतिपूर्ण छ । नगरपालिका आफैंसँग स्रोत नहुँदा नगरपालिका र विकास साझेदारसँगको समन्वय र सहकार्यका लागि गरिने प्रयासले सो आर्थिक खाडल भर्न सक्ने गरि तयार गरिएको छ । यो योजनाको प्रभावकारी कार्यान्वयनमा समस्या आउँने सक्ने देखिएको हुँदा समुदाय, नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समिति तथा नगरपालिका कार्यालयले बढी नै मेहनत गर्नुपर्ने देखिन्छ । यो योजना कार्यान्वयन गर्न स्थायी तथा संगठित संस्था भए पनि त्यसको संस्थागत विकासमा विशेष ध्यान नपुगे यो योजनाको प्रभावकारितामा सिमितता देखिन्छ । यो योजनाको कार्यान्वयनका लागि संगठानिक स्वरुप र समुदायमा बन्ने विभिन्न समिति तथा उपसमितिको भूमिका तथा सदस्यहरुको योगदान सुनिश्चितताका पनि सिमाहरु रहेका छन् ।

यो योजनाको अनुगमन तथा मूल्याङ्कन गर्न नगरपालिका तथा समुदायमा सिमित ज्ञान तथा मानवीय स्रोत रहेकोले योजनालाई दिशा निर्देश गर्न पनि समस्या आउँने देखिन्छ । विधि, आवश्यकता, योजनाको आयतन, प्रभावकारिता, स्रोतको व्यवस्थापन, संगठन, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका नजरबाट यो योजनामा सिमितता देखिएको छ ।

## १.६ योजना निर्माण प्रक्रिया विधि :

***" स्थानीय विपद् तथा जलवायु उत्थानशील तर्जुमा निर्देशिका २०७४ "*** को मस्यौदा अनुसार यो योजना तर्जुमा गर्दा नगरपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामुलक र यथार्थपरक बनाउन निम्न अनुसारको प्रक्रियाहरु अवलम्वन गरिएका छन् ।

**योजना निर्माणमा नगरपालिकाको छनौट :** जिल्ला समन्वय समिति, नगरपालिका तथा सरोकारवाला संघसंस्थाहरु सँग समन्वय गरी डब्लु.एच एच, फरवार्ड र असमान नेपालले यस कर्जन्हा नगरपालिकाको छनोट गरेको छ ।

**प्रारम्भिक भेला तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमा छलफल :** नगरपालिका प्रमुख, उप प्रमुख तथा सम्पूर्ण निर्वाचित जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधी, स्थानीय बुद्धिजीवीहरु , ज्येष्ठ नागरिक, स्थानीय संघसंस्थाको प्रतिनीधि तथा सरोकारवालाहरुको सहभागितामा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ अनुसार छलफल गरिएको छ ।

**नगरपालिकाको कार्यालय र नगरपालिका स्तरीय विपद् व्यवस्थापनका छलफल :** नगरपालिका स्तरीय योजना बनाउने विषयमा डब्लु.एच एच, फरवार्ड र असमान नेपालले कर्जन्हा नगरपालिका तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति तथा अन्य स्थानीय संघसंस्थाका प्रतिनिधी तथा सरोकारवालाहरु सँग छलफल गरी नगरपालिका स्तरीय योजना बनाउने कार्यमा सहमति भएको छ ।

**योजना निर्माण अभिमुखीकरणः** स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र डब्लु.एच एच, फरवार्ड र असमान नेपालको सहजीकरणमा अभिमुखीकरण गरिएको थियो । यस अभिमुखीकरणमा सहभागीहरुलाई विपद् सम्बन्धी विषयवस्तु जस्तै विपद्, प्रकोप, सङ्कटासन्न, जोखिम र क्षमता बारेमा छलफल गरिएको थियो भने सूचना संकलन विधि तथा प्रक्रियाका बारेमा छलफल तथा अभ्यास गरिएको छ ।

**नगरपालिकाको स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणः** यस योजना तयार गर्ने सम्बन्धमा कर्जन्हा नगरपालिकाको नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिती, नगरपालिका कार्यालय, वडा कार्यालय, वडा स्तरीय विपद् व्यवस्थापन समिति, सँग समन्वय गरी सङ्कटासन्नता तथा क्षमता विश्लेषण (भि.सि.ए) तथा योजना निर्माणको क्रममा नगरपालिका भित्रका ११ वटै वडाहरुमा पटक पटक छलफल तथा पुनरावलोकन गरी यस कर्जन्हा नगरपालिकाको स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरिएको छ ।

**वडा स्तरीय सूचना संकलनः** नगरपालिका स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा निर्माणका क्रम तथा वडास्तरीय सूचना तथा अभिमुखीकरणमा सहभागी भएका सहभागीहरुबाट सहभागितामुलक रुपमा सूचनाको संकलन

गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचनाहरु, नगरपालिकामा हुने प्रकोपहरु र विपद्को ऐतिहासिक विवरण आदि संकलन गरिएको थियो । उक्त सूचनालाई स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमा छलफल तथा पुनरावलोकन समेत गरी नगरपालिकास्तरीय सूचना संकलन गरिएको छ ।

योजना तर्जुमाको लागि प्रयोग गरिएका संकटासन्नता तथा क्षमता विश्लेषण औजारहरु :

१) ऐतिहासिक समयरेखा विश्लेषण

२) प्रकोप पहिचान तथा स्तरीकरण

३) प्रकोप, मौसमी तथा बाली पात्रो

४. प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान

४) जोखिम तथा समस्या विश्लेषण

५) सस्थागत विश्लेषण वा सम्बन्ध चित्र

६) तापक्रम र वर्षाको विश्लेषण

७) लक्षित समूह छलफल

८) स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधीका लेखाकन

९) समुदायको संकटासन्नता क्षमता विश्लेषण

१०. समुदाय तथा वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

**योजना खाका लेखन कार्य:** सहभागीबाट आएको सूचना तथा योजना निर्माणका क्रममा वडा स्तरबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरका योजनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन परामर्शकर्ता र विपद् व्यवस्थापन समितिबाट संयुक्त रुपमा योजना लेख्ने कार्य सम्पन्न भएको छ ।

**नगरपालिकाको योजना बैठक:** योजना निर्माण गर्नको लागि नगरपालिका स्तरिय छलफल तथा योजना तर्जुमा बैठक संचालन गरिएको छ । सहभागीतामूलक रुपमा विभिन्न प्रकोपको असरहरु कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के के कार्य गर्ने विपद् भै हालेको अवस्थामा के के कार्यहरु गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समुह कार्य गरिएको छ। सहभागिहरुबाट तथा नगरपालिकाबाट आएको सूचनाको आधारमा कर्जन्हा नगरपालिकाको नगरपालिका स्तरीय योजना तयार गरिएको छ । योजना निर्माणका क्रममा वडास्तरबाट आएका योजनाहरुलाई समेट्दै आवश्यकता अनुसार थप योजनाहरुको पनि छनोट गरिएको छ ।

**योजनाको प्रस्तुती र सुझाव संकलन गोष्ठी:** योजनालाई नगरपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिमा प्रस्तुत गरी योजनामा थप्नुपर्ने बुँदाहरु र आवश्यक सल्लाह सुझाव समेटिएको छ ।

**योजनाको अन्तिम लेखन कार्य र योजनाको तयारीः** नगरपालिका स्तरीय स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति  तथा सहभागिहरुबाट आएको सुझावलाई  समेटेर विपद् जोखिम व्यवस्थापन योजनाको तयारी कार्य सम्पन्न गरिएको छ ।

## १.७ योजना कार्यान्वयन रणनीति

योजनाको स्वीकृति, मूलप्रवाहीकरण र कार्यान्वयन

### १.७.१ योजनाको स्वीकृतिः

नगरपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिबाट भएको नगरपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील योजनालाई नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी नगरपरिषद्बाट स्वीकृत गराइने छ ।

**योजनाको मूलप्रवाहिकरणः**

नगरपालिकाले स्वीकृत विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरुलाई प्राथमिकताका आधारमा क्रमश आवधिक, वार्षिक तथा अन्य योजना निर्माण प्रक्रियामा मूलप्रवाहीकरण गर्दै लानुपर्नेछ । त्यस्तै, अन्य विषयगत कार्यालयले पनि विषयगत योजना निर्माणका क्रममा स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा उल्लेखित क्रियाकलापहरुलाई प्राथामिकता दिनुपर्नेछ ।

### १.७.२ बजेट व्यवस्थाः

१.७.२.१ नगरसभामा स्वीकृत योजना भएकोले निर्धारित प्राथमिकता प्राप्त क्रियाकलापहरु सञ्चालनको लागि नगरपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।

१.७.२ योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, सघीय सरकार, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापनमा पहल गर्नेछ ।

### १.७.३ योजना कार्यान्वयन :

१.७.३.१ नगरपालिकाले स्वीकृत विपद् तथा जलवायु उत्थानशील योजना स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनेछन् ।

नगरपालिकाले आवश्यकता अनुसार कार्यक्षेत्र बमोजिम वातवरण तथा विपद् व्यवस्थापन उप समिति, पूर्वतयारी तथा प्रतिकार्य उपसमिति तथा शिघ्रप्रतिकार्य पुर्नलाभ उपसमिति, अनुगमन तथा मूल्याङ्कन उपसमिति अन्य उपसमिति/कार्यदलहरु गठन गरी कार्यान्वयन गर्न सक्नेछ । यसरी उप समितिहरु गठन गर्दा सबै क्षेत्र र वर्ग महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङगता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, लोपुन्मुख, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङकटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुस्लिमजस्ता वर्गको समानुपातिक सहभागीता सुनिश्चित गर्नेछ ।

.१.७.३.२ नगरपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था  तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

## १.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकनः

१.८.१ नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१.८.२ नगरपालिका स्तरमा गठित अनुगमन समितीले विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार नगरपालिकामा सिफारिस गर्नेछ ।

गाउँपालिकामा तथा नगरपालिकामा गठित अनुगमन समितिले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यक्रमको समेत अनुगमन तथा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन गाउँपालिका तथा नगरपालिकामा पेस गर्नु पर्नेछ । उक्त प्रतिवेदन गाउँ वा नगरपालिकाले छलफलका लागि नगर सभामा पेस गर्नुपर्नेछ । यसरी अनुगमन समिति गठन नभएको भए दफा २.४.४ बमोजिम एक उपसमिति गठन गर्नुपर्नेछ ।

१.८.३ विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ ।

१.८.४ नगरपालिकाको कुनै पनि क्षेत्रमा विपद्ले सङ्कटासन्नता, क्षमता, र जोखिम पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ ।

विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक ५ वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नेछ ।

# खण्ड-२: प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

नगरपालिकाको प्रकोप पहिचान गर्न ऐतिहासिक समय रेखा र प्रकोप, मौषमी तथा बाली पात्रोको विश्लेषणद्धारा पहिचान गरिएको छ भने जोडागत विश्लेषण विधिबाट प्रकोप स्तरिकरण गरिएको छ । यस नगरपालिकामा बिगतको इतिहास हेर्दा सम्भावित प्रकोपहरुमा भुकम्प, बाढी, शितलहर, हुरीबतास, चट्याङ, महामारी, खडेरी, सडक दुर्घटना, जंगली जनावर आतंक, आगलागी, असिना र सर्पदंश पहिचान भएका छन् र जोखिमका हिसावले पनि निम्न उल्लेखित प्रकोप स्तरीकरण तालिका अनुसार उच्च जोखिम देखि न्युन जोखिम सम्म रहेका छन् ।

**२.१ प्रकोपको पहिचान तथा स्तरीकरण:** सामुहिक छलफलबाट कर्जन्हा नगरपालिकको प्रकोपको पहिचान गरि जोडा तुलना विधि मार्फत ती प्रकोपको स्तरीकरण गरिएको थियो । प्रकोपको स्तरीकरणको नतिजा तलको तालिकामा राखिएको छ ।

| वडा | कर्जन्हा नगरपालिकाको ११ वटै वडाहरुको प्रकोप तथा प्रकोपको स्तरीकरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौ | छैटौ | सातौ | आठौ | नवौ | दशौ | एघारौ | बार्हौ | तेह्रौ |
| १ | भुकम्प | बाढी | सर्पदंश | जजाआ | आगलागी | रोगकिरा | हावाहुरी | शितलहर | महामारी | असिना | | | |
| २ | भुकम्प | बाढी | सर्पदंश | जजाआ | आगलागी | रोगकिरा | हावाहुरी | शितलहर | महामारी | असिना | | | |
| ३ | भुकम्प | बाढी | आगलागी | सडकदु. | शितलहर | जजाआ | लु | सर्पदंश | हुरीबतास | चट्यांग | महामारी | असिना | खडेरी |
| ४ | भुकम्प | बाढी | सर्पदंश | सडकदु. | किटफटयांग्रा | खडेरी | जजाआ | शितलहर | हुरीबतास | आगलागी | चट्यांग | | |
| ५ | भुकम्प | बाढी | सर्पदंश | आगलागी | खडेरी | महामारी | शितलहर | जजाआ | सडकदु. | हुरीबतास | असिना | चट्यांग | चट्यांग |
| ६ | भुकम्प | बाढी | सर्पदंश | आगलागी | खडेरी | महामारी | शितलहर | जजाआ | सडकदु. | हुरीबतास | किटफटयांग्रा | असिना | करेन्ट |
| ७ | भुकम्प | बाढी | आगलागी | सडक दु. | शितलहर | जजाआ | लु | सर्पदंश | हुरीबतास | चट्यांग | महामारी | असिना | खडेरी |
| ८ | भुकम्प | बाढी | सर्पदंश | खडेरी | लु | हुरीबतास | जजाआ | शितलहर | आगलागी | चट्यांग | किटफटयांग्रा | | |
| ९ | भुकम्प | बाढी | आगलागी | सडक दु. | शितलहर | जजाआ | लु | सर्पदंश | हुरीबतास | चटयांग | म्हामारी | असिना | खडेरी |
| १० | भुकम्प | बाढी | शितलहर | किटफट्यांग्रा | जजाआ | सडक दु. | सर्पदंश | खडेरी | हावाहुरी | आगलागी | चट्याँग | भूक्षय | |
| ११ | भुकम्प | बाढी | शितलहर | किटफट्यांग्रा | जजाआ | सडक दु. | सर्पदंश | खडेरी | हावाहुरी | आगलागी | चट्याँग | भूक्षय | |
| | | | | | | | | | | | | | |

**प्रथम स्तरिकरण** : भुकम्पः ११,
**दोश्रो स्तरिकरण :** बाढीः ११,
**तेश्रो स्तरिकरण :** सर्पदंश :६, आगलागी : ३, शितलहर : २
**चौथो स्तरिकरण :** सडक दुर्घटनाः ४, आगलागीः२, किटफट्यांग्रा २, जंगली जानवर आतंकः २ र खडेरीः १
**पाचौ स्तरिकरण** : शितलहरः ३, आगलागीः २, खडेरीः २, जंगली जानवर आतंकः २, रोग किराः १ र लुः १

११ वटै वडाको प्रकोपलाई विश्लेषण गर्दा कर्जन्हा नगरपालिकामा प्रथम प्रकोप : भूकम्प, दोश्रो प्रकोप : बाढी, तेश्रो प्रकोप : सर्पदंश, चौथो प्रकोपः आगलागी, पांचौ प्रकोपः शितलहर, छैठौं प्रकोप : सडक दुर्घटना, सातौ प्रकोप : जंगली जानवर आतंक, आठौ प्रकोप : रोगकिरा, नवौ प्रकोपः हुरीबतास, दशौ प्रकोपः खडरी, एघारौ प्रकोपः महामारी, बाह्रौ प्रकोपः चट्यांग र तेरह्रौ प्रकोपः असिना रहेका छन भन्ने यहाका लागि लु र करेन्ट पनि सहायक प्रकोपको रुपमा रहेका छन ।

समुदायसंगको छलफलको आधारमा कर्जन्हा नगरपालिकामा जम्मा १३ वटा मुख्य प्रकोपहरु रहेको पाइएको छ । कर्जन्हा नगरपालिकाको लागि भूकम्प पछि दोश्रो ठुलो प्रकोपको रुपमा बाढी रहेको छ । भूकम्प नेपालको प्राथमिकता अनुसार पहिलो प्रकोपको रुपमा रहेका छन भन्ने नगरपालिकाको ११ वटै वडाहरुमा गरिएको प्रकोप स्तरिकरणको नतीजालाई विश्लेषण गर्ने हो भने ११ वटै वडाले दोश्रो प्रकोपको रुपमा बाढीलाई आफनो वडाको पहिलो प्रकोपको रुपमा राखेका छन् ।

## २.२ प्रकोप विश्लेषणः

कर्जन्हा नगरपालिकाको मुख्य जोखिम तथा समस्याको कारण, कारक तत्व, त्यसले पार्ने प्रभाव र ती जोखिम तथा समस्या समाधान गर्ने उपायको विषयमा समस्या वृक्ष विश्लेषणका लागि सामुहिक छलफल, महिला तथा ज्येष्ठ नागरिकसँग लक्षित समुह छलफल, परामर्शदाता तथा सहयोगी संस्थाका प्रतिनिधीहरुले प्रत्यक्ष अवलोकन तथा छड्के धरातलीय हिँडाईका माध्यमबाट सुचनाहरु संकलन गरि प्रकोप विश्लेषण तोकिएको ढाँचामा तल प्रस्तुत गरिएको छ ।

***तालिका २: कर्जन्हा नगरपालिकाको प्रकोप विश्लेषण***

| क्र. सं. | जोखिम तथा समस्या | मुल कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|
| १ | पक्की तथा टिनको पक्की घर तथा विद्यालय भवन कमजोर हुँदा मानवीय, भौतिक तथा आर्थिक क्षति हुने | भूकम्प | भवन आचार संहिता विपरित तथा भूकम्प सुरक्षालाई ध्यान नदिई घर तथा भवन बनाउँनु, भुकम्प सुरक्षाको चेतना तथा सुरक्षित अभ्यासको कमी | मानवीय क्षति, अंगभंग, घाईते तथा अपाङ्गता हुने सक्ने, घर तथा भवन भत्किन सक्ने, आर्थिक क्षति हुन सक्ने | भूकम्प सुरक्षा सम्बन्धि चेतना तथा घटना अभ्यास गर्ने, आत्कालिन अवस्थामा खोज तथा उद्धारको लागि जिवन रक्षाका तालिम लिने, भवन आचार संहिता अनुसार सुरक्षित घर निर्माण गर्ने तथा भएको घरहरुको प्रबलीकरण गर्ने, समुदायमा विपद्का लागि बचत कोष तयार गर्ने तथा सबै परिवार बचत अभियान चलाउँने, घर तथा समुदायमा भूकम्प आउदाको अवस्थालाइ मध्यनजर गर्दै सुरक्षित स्थानहरुको पहिचान गर्ने । घरभित्र वा घर वरीपरीका सामग्रीहरुलाई सुरक्षित राख्ने । |

| क्र. सं. | जोखिम तथा समस्या | मुल कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|
| २ | कमला नदी र सहायक खोलाहरु किनारका घरहरु, करिब १००० विगाहा जमिन तथा त्यसमा लगाएको बाली, त्यस क्षेत्रका विद्यालय तथा सामुदायिक भवन, सडक र कल्भर्टमा क्षति हुन सक्ने | कमला नदी, र अन्य स साना खोलाहरुको बाढी | बाढीको संकटासन्न क्षेत्रमा बस्ती बस्नु अर्थात भू व्यवस्थापनको कमी, नदी किनारा संरक्षणको अभाव, नदी किनारमा खेतीपाति गर्नु, खोला किनारामा कमजोर तटबन्ध हुनु, बिषम मौसमी घटना, खोलाको जलाधार उजाड तथा वन विनास हुनु | मानवीय क्षति, घर बगाउँने, खेत तथा खेतमा लगाएका बालीनालीमा क्षति, गाउँका सडक तथा पुल कल्भर्टमाथि क्षति, बनाएको तटबन्ध बगाउँने, | कमला खोलाको बगरमा बस्ती विस्तारमा रोक लगाउँने, घर, चर्पी तथा कलधाराको उच्चो गर्ने, खोला किनारामा बाँस तथा बृक्षारोपण गर्ने, तटबन्धको निर्माण गर्ने, बाढीको सुचना प्रविधिको जडान, पौडीवाज तथा खोज उद्धार गर्ने टोलीको निर्माण, खोज तथा उद्धार सामग्रीको व्यवस्थापन, गाँउ देखि सुरक्षित ठाउँ पुग्ने बाटो तथा पुल कल्भर्टको निर्माण |
| ३ | अधिकांस परिवारहरु ग्रामीण परिवेशमा बसोबास गर्ने तथा सर्पको प्रकोप रहेकोले अनुमानित बार्षिक करिब ३० परिवारका सदस्य, चौपाया तथा पंक्षीलाई सर्पदंशबाट घाईते तथा मृत्यु हुने। | सर्पदंश | सर्पदंश भईरहे पनि उज्यालो विना जोखिम उठाउने बानी हुनु, सर्पदंश पछि गर्नुपर्ने सुरक्षाको जानकारी कम हुने, सर्पदंशको सम्भावना कम गर्ने जोखिम न्युनीकरण कार्य नगर्नु, सर्पदंश उपचार केन्द्र तथा ती केन्द्रले दिने उपचारको विषय जानकारी कम, सर्पदंशका विमारीलाई ओसारपसार गर्ने सही साधनको व्यवस्थापन नहुनु | मानवीय मृत्यु तथा घाईते हुने तथा उपचारका लागि आर्थिक बोझ बढ्ने | सर्पको प्रकोप कम गर्न घरवरिपरी सरसफाई गर्ने तथा दुलादुली टाल्ने, राति प्रशस्त उज्यालो नभई सम्भावित सर्प हुने स्थानहरुमा नजाने, साँझ तथा राती बालबालिकालाई बाहिर तथा उज्यालो नभएको ठाँउमा खेल्न तथा जान नदिने, सर्पदंश उपचार केन्द्रको सम्पर्क नंम्बर सबै घरमा राख्ने, छिटो सर्पदंश केन्द्र पुऱ्याउन मोटरसाईकल जस्तो छिटो साधनको व्यवस्थापन गरिराख्ने, सर्पदंशको प्राथमिक उपचार तथा सर्पले टोक्दा गर्नु हुने नहुने कार्यको जानकारी समुदायका सबैलाई गराउँने। |
| ४ | समुदायमा रहेका बाँस, काठ तथा फुसका घरहरु र ती घरकामा रहेका करिब ५०० घरमा रहेको नगद तथा जिन्सी, १००० विगाहामा रहेको बाली तथा वन विनास हुन सक्ने। | आगलागी | फुसका घर हुनु, घरको वारहरु झिंगटा, खर तथा फुसले बनाउँने, आगो लाग्ने तथा आगो बाल्ने सामान र बस्तुलाई सुरक्षित नराख्नु, बिजुलीको वाईरिङ्ग राम्रो तथा सुरक्षित नहुनु, ग्याँसको प्रयोग सही तरिकाले नगर्नु | मानवको मृत्यु तथा घाईते हुन सक्ने, घरमा पूर्ण तथा आंशिक क्षति, खाद्यान्न, लत्ताकपडा, कागज पत्र, फर्निचर, नगद, गरगहना र भाडाँवर्तन नष्ट हुने | अग्नी सुरक्षाको जनचेतना, बालबालिकालाई आगलागी सुरक्षाको सचेतना गर्ने, घरलाई आगलागीबाट बचाउँन फुसका टाँटि तथा बार माटो लिप्सिने, घरवरिपरी सरसफाई राख्ने, दमकल तथा सुरक्षा निकायको सम्पर्क नम्बर राख्ने |
| ५ | समुदायमा रहेका कच्ची बाँस, काठ तथा फुसका घरहरु र ती घरकामा बसोवास | शितलहर | जलवायु परिवर्तन हुनु, मौसम परिवर्तन भई छिन छिनमै धेरै जाडो र कम जाडो हुनु। जाडो याममा | वढी चिसो वढेर मानिसहरुको स्वास्थ्यमा समस्या आउनु, मानिसहरुको ज्यान जाने, | जाडो महिनामा बाक्लो लुगाहरु लगाउने, ठाउँठाउँमा आगो बाल्ने, विपन्न परिवारका सदस्यहरुलाई सहयोग गर्ने, साना बालबालिका, वृद्ध |

| क्र. सं. | जोखिम तथा समस्या | मुल कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|
| | गर्ने गरीब, बिपन्न बर्ग, बाल बालिका, बृद्धबृद्धा, सुत्केरी र गर्भबती महिला र न्यानो कपडा र पोषिलो खानाको अभावमा चिसोको प्रभावबाट मानवीय, पशुजन्य तथा बालीनालीमा शितलहरबाट क्षति पुग्नु | | हावाको गती तिब्र हुनु, हुसु र तुषारो लाग्नु, हिउँदे बर्षा हुँनु । | कृषि उत्पादनमा असर गर्ने, दैनिक मजदुरी गरी खाने मानिसहरुलाई दैनिक खानाको जोहो गर्न समस्या तथा बिरामी हुने संभावना । | वृदाहरुलाई घरमै तातो लुगा लगाएर आगो तापेर वस्न लगाउने |
| ६ | सवारी साधानका कारण मानवीय तथा आर्थिक जोखिम | सडक दुर्घटना | सवारी साधन लापरवाही तथा सिकारुले चलाउँनु, बाटोहरु राम्रो अवस्थामा नहुनु, प्राथमिक उपचार सम्बन्धि ज्ञानको कमी | मानिस घाईते, अपाङ्ग तथा मृत्यु हुन सक्ने, उपचारका लागि खर्च हुने, सवारी साधन तथा रहेका नगद तथा जिन्सीमा क्षति | सवारी साधन सञ्चालन सम्बन्धि चेतना अभिवृद्धि गर्ने, बाटो तथा सडक मर्मत गर्ने, प्राथमिक उपचारका लागि स्वयंसेवक तयार गर्ने, बिमा गर्ने तथा क्षमता भन्दा बढी सामान सवारी साधनमा नबोक्ने । |
| ७ | जंगली जानवर आतंकबाट मानवीय क्षति पशुहरु आक्रमणमा पर्नु तथा बालीनालीमा क्षति पुग्न | जंगली जानवर | जनसङख्या वृद्धिले गर्दा खेतियोग्य जमिन, कल कारखाना स्थापना, बाटो निर्माण, मानव बस्तीले गर्दा वन विनास भई जङगली जनावरहरुको वासस्थान समेत धरापमा परेकोले निल गाई आतङक बढी रहेको छ । | गाईबस्तु नियमित रुपमा आक्रमणमा परेको, विभिन्न अन्नबाली नष्ट, जिविकोपार्जनमा समस्या, खेतियोग्य जमिन बाँझो रहेको । | वन्यजन्तुलाई धपाउनको लागी आवश्यक सामाग्रीहरुको व्यवस्था गर्ने,. खेतियोग्य जमिन र वनको विचमा खाडल तयार पार्ने,. घरपालुवा जनावरहरुको खोर तथा गोठहरु बलियो वनाउने, वन्यजन्तुहरुको आक्रमणबाट सुरक्षित हुन अबलम्बन गर्नुपर्ने उपायहरु बारे जानकारी दिने, होडिङ वोर्ड राख्ने,. आकस्मीक टेलिफोन नम्बर संकलन गर्ने |
| ८ | हुरीबतासका कारण करिब ३० प्रतिशत मानिसहरु, २० प्रतिशत घरहरु र ६० प्रतिशत नगरपालिकावासीको | हुरीबतास | हुरीबतास चैत्र देखि जेष्ठसम्म कयौ पटक प्रत्येक बर्ष आउँने, कमजोर घर, हुरीबतास सुरक्षा सम्बन्धि ज्ञान कम तथा जोखिम उठाउने प्रवृति हुनु, | मानवीय क्षति हुन सक्ने, घर भत्किने, फलफूल तथा बालीनालीमा क्षति | घर नियमित मर्मत गर्ने, हुरीबतास सुरक्षा सम्बन्धी चेतना अभिवृद्धि गर्ने, रुख साना हुने फलफूल रोप्ने, बाली तथा घरको पश्चिम तथा दक्षिण पश्चिम दिशामा बाँस तथा बृक्षारोपण गर्ने, समुदायमा खोज तथा उद्धार र |

| क्र. सं. | जोखिम तथा समस्या | मुल कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|
| | बालीनाली तथा फलफूल जोखिममा रहेका | | घर नजिकै ठुलो रुख तथा जातको विरुवा हुनु | | प्राथमिक उपचार तालिम लिएका स्वयंस्वेक तयार गर्ने, खोज तथा उद्धार सामग्री प्रत्येक घर तथा समुदायमा तयारी अवस्थामा राख्ने |
| ९ | करिब २००० विगाहामा लगाएको गहुँ तथा १०० विगाहामा लगाएको फलफूल, आलु तथा तरकारी क्षति हुन सक्ने | असिना | बढ्दो असिनाको प्रकोप तथा असिना पर्ने समय, असिना सहन गर्ने सक्ने बालीको जातको अभाव तथा वैकल्पिक प्रविधिको अभाव | बालीमा क्षति भई आर्थिक हानी हुने | असिना सहन गर्ने बाली लगाउँने, बाली लगाउँने प्रविधिमा सुधार गर्ने, बाली बिमा गर्ने |
यस सम्बन्ध चित्रमा समुदाय तथा संघसंस्था बीचको दोहोरो सम्बन्धलाई दुवैतिर तिर भएको रेखाले देखाइएको छ। मोटो रेखाले गहिरो तथा पातलो रेखाले फितलो सम्बन्ध देखाएको छ। विशेषगरी नगरपालिकाका शाखाहरु, र सबै वडा कार्यालयसँग वलियो सम्बन्ध रहेको पाइएको छ। यस गाउँपालिका भित्र मुख्य रुपमा नगरपालिकाका प्रहरी चौकी, वडा कार्यालय, स्वास्थ्य चौकीहरु, युवा क्लव, बाल क्लव, विद्यालयहरु, तथा वित्तीय संस्थाहरु, आदि रहेका छन्। विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि पहिचान भएका यी संघसंस्था वा निकायहरुबाट मुख्य रुपमा जनचेतना, राहत वितरण, आपतकालिन शिक्षा, कृतिम घटना अभ्यास, खोज तथा उद्धार, भुकम्प प्रतिरोधी संरचना निर्माण गर्ने जस्ता सहयोगहरु समुदायले प्राप्त गर्नेछन् भने समुदायको तर्फबाट पनि यी संघसंस्थाहरुको नेतृत्व तथा कार्यक्रमहरु कार्यान्वयनमा भुमिका निर्माण गर्ने गरेको पाइएको छ। संस्थागत विश्लेषण वा सम्बन्ध चित्रको विस्तृत विवरण तथा विश्लेषण तल समावेश गरिएको छ।



| क्र.स | कार्यालय/ संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| **नगरपालिका भित्र** | | | | | | |
| १ | नगरपालिकाको कार्यालय | कर्जन्हा | ० कि.मी. | जनचेतना जगाउने, नगरपालिका भित्र विपद् जोखिम न्यूनिकरणका कृयाकलापहरु संचालन गर्ने, खोज तथा उद्दार सामाग्रीहरुको व्यवस्था गरी राख्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने, | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| २ | स्वास्थ्य चौकीहरु ४ वटा | नगरक्षेत्र भित्र | बढीमा ५ कि.मी. | विपद्को समयमा आवश्यक पर्ने औजार तथा औषधिहरुको भण्डारण, स्वास्थ्यसँग सम्वन्धित जनचेतनामुलक कार्यक्रम गर्ने, आवश्यक जनशक्तिको व्यवस्था | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुऱ्याउने | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुऱ्याउने, त्यहाँ उपचार हुन नसकेका घाईतेहरुलाई जिल्ला अस्पतालहरुमा पठाउने, |
| ३ | मठ मन्दिर तथा मसजिदहरु | नगरक्षेत्र भित्र | बढीमा ५ कि.मी. | सामाग्री भण्डारणमा सहयोग गर्ने | आश्रय स्थलको लागि जग्गा उपलब्ध गराउने | आश्रय स्थलको लागि जग्गा उपलब्ध |
| ४ | प्रहरी कार्यालय | बन्दीपुर | ५ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, | खोज तथा उद्दार कार्य गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| ५ | गैर सरकारी संस्थाहरु वटा | नगरक्षेत्र भित्र | बढीमा ५ कि.मी. | जनचेतना जगाउने, नगरपालिका भित्र विपद् जोखिम न्यूनिकरणका कृयाकलापहरु संचालन गर्ने सहयोग गर्ने, खोज तथा उद्दार सामाग्रीहरुको व्यवस्था गरी राखने सहयोग गर्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रयस्थल निर्माणमा सहयोग गर्ने, | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रयस्थलको व्यवस्थापन गर्न सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थल निर्माणमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |

| क्र.स | कार्यालय/ संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| ६ | बित्तिय संस्थाहरु | नगर क्षेत्र भित्र | ५ कि.मी. | खाद्यन्न तथा राहत व्यवस्थापनमा सहयोग गर्ने, सुरक्षित स्थानहरुमा पुर्वाधारहरु निर्माण गर्न ऋणहरु उपलब्ध गराउने, नगद तथा बहुमुल्य सामाग्री घर भन्दा बैंकमा राख्दा सुरक्षित हुन्छ भन्ने कुराको चेतना जगाउने | राहतहरु उपलब्ध गराउने, अश्रयस्थलको व्यवस्थापनमा सहयोग गर्ने | राहतहरु उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापनमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा नगरपालिकालाई सहयोग गर्ने, आयआर्जन तथा पुन:स्थापना र पुननिर्माणमा सहुलियत दरमा ऋणहरु उपलब्ध गराउने |
| ७ | सहकारी सस्थाहरु | नगर क्षेत्र भित्र | ५ कि.मी. भित्र | जनचेतना जगाउन, समूह वनाएर साना साना वचत गर्न लगाउने, | सुचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने | राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, ऋण उपलब्ध गराउने, आय आर्जनका क्रियाकलापहरुमा सहजीकरण गर्ने |
| ८ | सरकारी तथा निजी विद्यलयहरु | नगरपालिका भित्र | ७ कि.मी भित्र. | जनचेतनाहरु जगाउने, स्वयम् सेवकहरु तयार गरी तालिमहरु प्रदान गर्ने, | उद्दारहरुमा सहयोग गर्ने आश्रय स्थल उपलब्ध गराउने, राहत सामाग्री उपलब्ञ गराउने | आश्रय स्थलको लागि भवनहरु उपलब्ञ गराउने, जनचेतनाहरु जगाउने, राहत सामाग्री उपलब्ञ गराउने, |
| ९ | यूवा क्लब तथा बाल क्लवहरु | नगरपालिका भित्र | ७ कि.मी भित्र. | जनचेतनाहरु जगाउने, विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने, विभिन्न तालिमहरु लिइ दक्षता हासिल गरी पूर्वतयारीहरु गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने,सुचना प्रवाह गर्ने घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री ढुवानी तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलको सुरक्षा तथा व्यवस्थापन गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री ढुवानी तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलको सुरक्षा तथा व्यवस्थापन गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना तथा पुननिर्माणमा सहयोग गर्ने |
| **जिल्ला भित्र** | | | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | सिरहा | २८ कि.मी. | विपद् सँग सम्वन्धित निति नियमहरुको कार्यान्वयनमा सहजिकरण, समय समयमा बैठक आयोजना गरी पूर्व तयारीका कुराहरुको समिक्षा गर्ने, राहत | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, सुचनाहरु प्रवाह गर्ने, आकस्मिक | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, सुचनाहरु प्रवाह गर्ने, बैठकको आव्हान गरी राहतको व्यवस्थापन गर्ने, |

| क्र.स | कार्यालय/ संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | | सामाग्रीको व्यवस्थापनमा सहयोग गर्ने, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रका कामहरुको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने, DDMP, DPRPतयार गर्ने | बैठकको आव्हान गरी राहतको व्यवस्थापन गर्ने, समन्वय तथा सुचना व्यवस्थापन क्षेत्रको अगुवाई गर्ने | राहतको लागि माथिल्लो निकायमा सुचनाहरु प्रवाह गर्ने, पुन:स्थापना तथा पुन:निर्माणको लागि सहजिकरण गर्ने, |
| २ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | सिरहा | २८ कि.मी. | विपद् सँग सम्वन्धित निति नियमहरुको कार्यान्वयनमा सहजिकरण, पूर्व तयारीका कुराहरुको समिक्षा गर्न सहजिकरण गर्ने, राहत सामाग्रीको व्यवस्थापनमा सहयोग गर्ने, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रको कामहरुको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने, DDMP, DPRPतयार सहयोग गर्ने, जनचेतनामुलक कार्यक्रम संचालन गर्ने | राहत सामाग्री उपलब्ध गराउने, खेजतथा उद्दार कार्यमा सहयोग गर्ने, ऋापतकालिन आवास तथा गैर्‌ह खाद्यय क्षेत्रको अगुवाई गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, सुचनाहरु प्रवाह गर्ने, राहतको व्यवस्थापन गर्ने, राहतको लागि माथिल्लो निकायमा सुचनाहरु प्रवाह गर्ने, पुनस्थापना तथा पुननिर्माणको लागि सहयोग गर्ने, |
| ३ | जिल्ला अस्पताल | सिरहा | २८ कि.मी. | औषधि उपचारहरुको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरुको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामुलक कार्यक्रमहरु गर्ने, | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जेचना जगाउने खालका कृयाकलापहरु गर्ने, स्वास्थ्य तथा पोषण क्षेत्रको अगुवाई गर्ने | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जेचना जगाउने खालका कृयाकलापहरु गर्ने |
| ४ | जिल्ला समन्वय समिति | सिरहा | २८ कि.मी. | पालिकाहरुले गरिरहेका कार्यक्रमहरुको अनुगमन गर्ने, निति नियमहरुको कार्यान्वयनमा पालिकाहरुलाई सहयोग गर्ने, | आश्रय स्थलहरु निर्माणको लागि सहयोग तथा सिफारिस गर्ने | तथ्याङ्क संकलनमा सहयोग गर्ने गराउने, राहतहरु उपलब्ध गराउने, पुनस्थापना तथा पुननिर्मान कार्यको लागि सिफारिस तथा व्यवस्थापन गर्ने, |
| ५ | जिल्ला प्रहरी कार्यालय | सिरहा | २८ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारी हरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय यूवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थल निर्माण तथा | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, |

| क्र.स | कार्यालय/ संघसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | | | सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरनमा सहयोग गर्ने | तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| ६ | नेपाल आर्मी | चोहर्वा | १० कि.मी. | सम्भावित घटनाहरुको लागि तयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय यूवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थल निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |
| ७ | शसत्र प्रहरी बल | सिरहा | २८ कि.मी. | सम्भावित घटनाहरुको लागि तयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय यूवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थल निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसार पसार तथा वितरनमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |

## २.४ जोखिम पहिचान तथा विश्लेषण

### २.४.१. जोखिम व्यवस्थापन क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण

नगरपालिकाको सङ्कटासन्नता र क्षमताबीच देखिएको दूरी नै जोखिमको सही चित्र हो। त्यसका आधारमा विपद् जोखिम न्यूनीकरणका आवश्यक क्रियाकलाप निर्धारण गरिएको छ । माथि गरिएको संकटासन्नता, जोखिम तथा क्षमताको विश्लेषण र सामाजिक नक्साङ्कन अनुसार निम्न खाँडलहरु पहिचान गरिएको छ ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मानवीय क्षमता विशेष गरी ज्ञान तथा शीपको अभाव भई जनधनको क्षति भईरहेको छ। केही मानवीय स्रोत भएपनि विपद् प्रतिकार्यका लागि आवश्यक शीप तथा कौशल भएका व्यक्तिहरु अझ कमी रहेको छ । नगरपालिकामा अधिकतम व्यक्तिलाई बृहत्तर विपद् व्यवस्थापनको अवधारणा र विपद्को विभिन्न चरणमा गर्नुपर्ने कार्यको ज्ञानको कमी छ।
- विपद् प्रतिकार्यका लागि प्राथमिक उपचार र खोज तथा उद्धारका लागि दक्ष स्वयंसेवक नहुनु। विपद्को जोखिम कम गर्न सचेतना अभियान चलाउँन सक्ने व्यक्ति तथा सुरक्षित संस्कृतिको लागि अभियान्ताको कमी छ । नगरपालिकामा अधिकतम व्यक्तिलाई बृहत्तर विपद् व्यवस्थापनको अवधारणा र विपद्को विभिन्न चरणमा गर्नुपर्ने कार्यको ज्ञानको कमी छ।
- बाढी, भुकम्प र आगलागीको जोखिम रहेको छ भने तट्बन्ध तथा घर र भवन कमजोर भई समुदायमा मानवीय, भौतिक तथा आर्थिक संकटमा रहेको छ। तट्बन्धको कमी तथा कमजोर छन् भने अन्य भौतिक संरचना पनि कमजोर रहेका छन् । उता विपद्का घटना बारम्बार आईरहेको छन् । समुदायमा संरचना र खोज, उद्धार र राहतलाई मात्र विपद् व्यवस्थापनको रुपमा लिईने गरिएको छ ।
- नगरपालिकामा विपद् पूर्वतयारीको अवस्था कमजोर छ। नगरपालिकामा विपद्का लागि अपर्याप्त कोष, खोज तथा उद्धारका सामग्री तथा सहायताका लागि सामग्री भण्डारण छैन । त्यस्तै राहतका लागि कुनै न्युनतम मापदण्ड पनि तयार गरिएको छैन ।
- नगरपालिकामा विपद् तथा जलवायु परिवर्तनका लागि योजना तयार भई लागु भएको देखिदैन भने विपद् तथा जलवायु परिवर्तन अनुकूलनका लागि धेरै सिमित योजनाहरुलाई मात्र नगरपालिकाको विकास योजनामा समावेश गरिएका छन्।
- विद्यालयहरु आफैंमा सुरक्षित छैनन् भने सुरक्षित व्यवहारका लागि खासै कुनै कार्यक्रम तथा घटना अभ्यास गरिदैन्।
- खोला किनारमा बस्ती तथा खेति छ भने खोला तथा बगर संरक्षणका लागि ध्यान पुग्न सकेको छैन ।
- नगरपालिकाबासीले कुशल नेतृत्व गर्ने व्यक्तिलाई जनप्रतिनिधी बनाएका छन् । तर विपद्का लागि सम्बन्ध र सञ्जाल तयार भई सकेको छैन ।
- विपद् पूर्व सुचना प्रविधिको स्थापना तथा पहुँच छैन ।

**२.४.२. तापक्रम र वर्षाको विश्लेषण :**यस सिरहा जिल्लाको लहानमा रहेका meteorological-station मा जल तथा मौसम मापन समबन्धि अध्यावधिक तथ्याङ्क उपलब्ध हुन नसेकाले यस नजिकैको जनकपुर हवाई अड्डालाई अधार मानिएको छ। त्याँहा रहेका जल तथा मौसम विज्ञान विभागद्धारा रेकर्ड गरिएका तथ्याङ्क अनुसार विगत सन् १९७२ देखि २०१८ सम्मको बिवरण अनुसार अधिकतम तापक्रम ३३ देखि ४२.४ डिग्री सेन्टीग्रेड देखि न्युनतम तापक्रम २ देखि ८ डिग्री सेन्टीग्रेड सम्म रेकर्ड गरिएको छ। औषतमा केही मात्रामा तापक्रम बृद्धि हुदै गएको देखिएको छ भन्ने बर्षाको अवस्था पनि समान्य रुपमा बृद्धि भएको तर मात्रा भन्ने बर्षै पिच्छे फरक फरक रहेको छ। यस सम्बन्धि बिस्तृत जानकारी http://dhm.gov.np/meteorological-station/ मा उपलब्ध छ।



# खण्ड-३ दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

## ३.१ दीर्घकालिन सोंच

कर्जन्हा नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यलाई व्यवस्थित तथा संस्थागत गरि कर्जन्हा नगरपालिकालाई विपद् तथा जलवायुउत्थानशील नगरपालिकाको निर्माण गर्न योगदान दिनु यस योजनाको दिर्घकालिन सोंच हुनेछ ।

## ३.२ परिदृश्य

कर्जन्हा नगरपालिकामा विपद् जोखिम न्यूनीकरणका तथा जलवायुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरूमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने र विपद्बाट हुने मानवीय, सामाजिक, आर्थिक, भौतिक, जीविकोपार्जनका साधनहरू र प्राकृतिक स्रोतमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलता र विपद् सुरक्षालाई सुदृढ गर्नु यस योजनाको परिदृश्य हुनेछ ।

## ३.३ लक्ष्य

कर्जन्हा नगरपालिकामा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै नगरपालिका तथा स्थानीय सरकारको विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पु-याई यस नगरपालिकाको विपद् तथा जलवायु परिवर्तनका कारण हुने मानवीय, सामाजिक, भौतिक, आर्थिक तथा प्राकृतिक क्षतिमा उल्लेख्य कमी ल्याउँने यस योजनाको लक्ष्य रहेको छ ।

## ३.४ उद्देश्य

प्राकृतिक तथा गैर प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट नगरपालिकामा भई रहेको मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक तथा पर्यावरणीय क्षतिलाई न्युनीकरण गर्दै सुरक्षा, अनुकूलता, उत्थानशीलता र दीगोपन विकासको अनुभूति नगरपालिकावासीलाई गराउँनु तथा सुरक्षित, स्वलम्बी र एकीकृत विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको कार्यहरुलाई नगरपालिका आफैंले नेतृत्व, जिम्मेवार लिई विकासको एक सवालको रूपमा विपद् र जलवायु परिवर्तन सम्बोधन गर्ने यस योजनाको मुख्य उद्धेश्य रहेको छ । यसको निम्न उद्धेश्यहरु रहेका छन् ।

- स्थानीय क्षमतामा आधारित विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको गतिविधीहरु सञ्चालन गरी कर्जन्हा नगरपालिकामा विपद् तथा जलवायु परिवर्तनबाट हुने जन, धन, भौतिक सम्पति, जिविकोपार्जन, सामाजिक तथा वातावरणीय स्रोतहरुको क्षति उल्लेख्य कमी गर्न ।
- नगरपालिकाको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु ।
- नगरपालिकाका सबै उच्च संकटासन्न बस्ती तथा टोलमा विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा अल्पीकरणमा जोड दिई प्रभावकारी प्रतिकार्य तथा पुर्नलाभको वातावरण सिर्जना गर्न ।
- जलवायु परिवर्तनका कारण प्राप्त अवसरहरुको अधिकतम उपयोग गर्दै नगरपालिकालाई जलवायुमैत्री तथा वातावरणमैत्री विकासका लागि उर्जा, जलस्रोत, जिविकोपार्जन, खानेपानी, सरसफाई तथा स्वच्छता, कृषि र

खाद्य सुरक्षा,  जलवायुजन्य विपद् व्यवस्थापन, वन तथा जैविव विविधता, सामाजिक समावेशीकरण, प्राकृतिक तथा संस्कृति सम्पदा सम्बन्धि ज्ञान, सिप, प्रविधि तथा स्रोतको उपयोग र विस्तार गर्न ।

- विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा केन्द्र सरकार, विपद्को क्षेत्रमा कार्य गर्ने संघसंस्था, सहयोगी निकाय जस्तै सुरक्षा निकाय, टेलिफोन प्रदायक संस्थाहरु तथा अन्य सरोवारवालाहरुसँग विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि प्रभावकारी समन्वय तथा सहकार्य गर्न ।
- नगरपालिकाको नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिम जस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्न ।
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु ।
- स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु ।
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## ३.५ नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरूको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराउने ।

## ३.६ रणनीति

यो योजना नगरपालिकाको विपद् तथा जलवायु परिवर्तन अनुकूलनका लागि जनउत्तरदायी तथा स्थानीय र राष्ट्रिय प्रतिबद्धतालाई पुरा गर्ने सहायक सिद्ध बनाउँन निम्न रणनीतिका साथ तर्जुमा गरिएको र कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

- कर्जन्हा नगरपालिका भित्रमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको गठन गरिएकोछ । साथै यस योजनाको लागि आवश्यक विभिन्न उपसमिति गठन तथा उपसमितिको क्षमता तथा संस्थागत विकास गरिने छ ।
- यस नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराउने ।

- यस योजनाको कार्यान्वयनका लागि नगरपालिका तथा स्थानीय सरकारले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरू अवलम्वन गर्नेछन् ।
- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरिएको छ र यस योजनाको कार्यान्वयनमा पनि समानुपातिक सहभागिताको रणनीति जारी राखिने छ ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- बाढी, चट्याङ्ग, हावाहुरी तथा जलवायुजन्य जोखिमका कारण हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि बाढी तथा बहुप्रकोपको पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने । साथै नगरपालिकामा पूर्वसुचना तथा विपद् सुचनाका लागि नगरपालिका विपद् सुचना केन्द्र स्थापनाका लागि पहल गरिने छ ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।
- नगरपालिकाका यस योजनाले पहिचान तथा प्राथमिकता दिएको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका योजनालाई नगरपालिका तथा स्थानीय सरकारको स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लैजाने ।

# खण्ड - ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू

विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नु पर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्नेजस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई प्राथामिकताको आधारमा राखिएको छ । प्राथमिकीकरण गर्दा प्रभावकारिता, खर्चको मितव्ययीता, सम्भाव्यता तथा लक्षित वर्गमुखी छ वा छैन भनि सामुहिक छलफल गरि तयार गरिएको छ ।

## ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरू

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्यधिक जोखिममा रहेका समुदनायमा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नुपर्ने कार्यलाई निम्न दुई खण्डमा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।

### ४.१.१ नीतिगत व्यवस्था तथा निर्णय

नगरपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार जिम्मेवारीसहित कार्यदलहरू (जस्तै-समन्वय, सञ्चार तथा पूर्वचेतावनी; खोज तथा उद्धार; राहत व्यवस्थापन तथा पुनःस्थापन; क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गर्न सकिनेछ । त्यसैगरी प्रचलित नेपाल कानुनबमोजिम आवश्यक नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गर्नु पर्नेछ ।

- नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन एक बर्ष भित्रमा बनाउँन नगरपालिकामा पहल गर्ने वा बनि सकेको अवस्थामा ऐन कार्यन्वयनका लागि पहल गर्ने ।
- नगरपालिकाले विपद्मा प्रदान गर्ने राहत मापदण्ड तथा प्याकेज १ बर्षमा तयार गर्ने । त्यस्तै नगरपालिकाले प्रदान गर्ने विपद्को क्षतिमा आधारित पुर्नस्थापना तथा पुनर्निर्माण प्याकेजको मापदण्ड तयार गरी प्रदेश सरकार तथा केन्द्र सरकारले दिने पुर्नस्थापना तथा पुनर्निर्माण प्याकेज समपुरक प्याकेजका रुपमा बढाउँने ।
- नगरपालिकाको विपद् आकस्मिक कोष खडा गरी त्यसलाई विधीवत् सञ्चालनका लागि नगरपालिका आकस्मिक कोष कार्यसञ्चालन कार्यविधी तयार गरि एक बर्ष भित्रमा लागु गर्ने ।
- नगरपालिकामा विषयगत क्षेत्रका आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगतक्षेत्र तथा विषयगतक्षेत्र नेतृत्व गर्ने, सदस्यहरुको छनौट तथा विषय क्षेत्रगत अवधारणाको तयार भई सकेकोले सोही अनुसारको जिम्मेवारी बहन गर्ने ।
- विकास निर्माण (पूर्वाधार) मा विपद् तथा जलवायु परिवर्तनलाई मध्यनजर राख्दै विपद्को संकटासन्नता तथा जोखिम अध्ययन गरी त्यसको अल्पीकरण पूर्वाधार निर्माणको बजेटमा एकीकृत गर्ने । यसरी जोखिमको अध्ययन तथा जोखिम न्यूनीकरणका कार्यका लागि पूर्वाधार निर्माण बजेटको २ प्रतिशत देखि ५ प्रतिशत अनिवार्य गर्ने कार्य एक बर्षभित्र शुरुवात गरी तीन बर्षभित्र पूर्ण लागु गर्ने ।

### ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि

सबै विपद्का लागि समुदायमा विपद्प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका निम्न अनुसारका कार्यहरु सञ्चालन गरिने छ। प्रकोप स्तरीकरणको आधारमा प्राथमिकता प्राप्त विपद्को प्राथमिकीकरण गरी ती विपद्का लागि जनचेतना तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु सूचीकरण गरिएको छ। यसरी सूचीकरण गरिएको योजनालाई प्रभावकारिता, मितव्ययिता, लक्षित वर्गमुखी र सम्भाव्यताको आधारमा प्राथमिकीकरण गरिएको छ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **१. भूकम्पको सन्दर्भमा** | | | | | | |
| १.१ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | भूकम्प सुरक्षाको चेतना अभिवृद्धि गर्ने | | | | |
| १.१.१ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | भूकम्प सुरक्षा दिवस तथा गोर्खा भूकम्प स्मृति सभा गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय | बैसाख १२ तथा माघ २ |
| १.१.२ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | विद्यालयमा भूकम्प सुरक्षा सम्वन्धि विशेष कक्षा संचालन गर्ने | विद्यालय | समिति, विद्यालय, बाल क्लब | शिक्षा समिति, नगरपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा ४ पटक |
| १.१.३ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धि अतिरिक्त क्रियाकलाप जस्तै निबन्ध प्रतियोगिता, चित्रकला, वक्तृत्व कला, हाजिरी जवाफ जस्ता क्रियाकलाप संचालन गर्ने | विद्यालय | समिति, विद्यालय, बाल क्लब | शिक्षा समिति, नगरपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा १ पटक |
| १. १.४ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | भूकम्प सुरक्षाका लागि घर दैलो कार्यक्रम संचालन तथा घुँडा टेकी गुडिल्की ओत लागि समात बिधिको अध्यास गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा १ पटक |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| १. १.५ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | भूकम्प बारे सचेतनाका लागि गाउँमा नाटक सञ्चालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका कार्यालय तथा सहयोगी निकाय | बर्षमा २ पटक |
| १.१.६ | भूकम्पीय जोखिम तथा चेतनाको कमी | घर घरमा झटपट झोला तयारी गर्ने अभियान चलाउने र आवश्यक सम्पुर्ण सामाग्रीको व्यवस्थापन गरी सजिलै भेटने स्थानमा राख्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका कार्यालय तथा सहयोगी निकाय | निरन्तर |
| १.२ | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति अभाव | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति वा व्यवहारको विकास गर्ने | | | | |
| १.२.१ | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति अभाव | घुँडा टेकी गुडिल्की ओत लागि समातको अभ्यास घर, विद्यालय तथा सामुहिक भेलामा चलाउँने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका तथा सहयोगी निकाय | बर्षमा ४ पटक |
| १.२.२ | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति अभाव | समुदाय तथा विद्यालयमा भूकम्पको कृतिम घटना अभ्यास गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका तथा सहयोगी निकाय | बर्षमा दुई पटक |
| १.२.३ | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति अभाव | घरमा सुरक्षित स्थान पहिचान गर्ने संचार सामग्री प्रदान गर्ने तथा अभिमुकीरण गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका तथा सहयोगी निकाय | बर्षमा एक पटक |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| १.२.४ | भूकम्प सुरक्षाका लागि सुरक्षित संस्कृति अभाव | परिवारिक पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई जिम्मेवारी बाँडफाड गर्ने र परिवार भित्रका महिला, सुत्केरी, गर्भवती, बालबालिका तथा बुढापाकाहरुलाई प्रतिकार्यका समयमा बिशेष प्राथमिकतामा राखी उद्धार गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र युवा क्लब तथा बाल क्लब | समिति तथा क्लब | नगरपालिका तथा सहयोगी निकाय | निरन्तर |
| १.३ | भवन निर्माण आचारसंहिताको कार्यान्वयन नहुनु | भवन निर्माण आचारसंहिताको सचेतना तथा क्षमता विकास गर्ने | | | | |
| १.३.१ | | भवन निर्माण आचारसंहिता तथा सुरक्षित घर निर्माण सम्बन्धि अभिमुखीकरण | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र नगरपालिका | समिति | नगरपालिका | बर्षमा एक पटक |
| १.३.२ | | भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्न संयन्त्र नियन्त्रण तथा अनुगमन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र नगरपालिका कार्यालय | समिति | नगरपालिका | बर्षमा एक पटक |
| १.४ | घर तथा अन्य भौतिक संरचना भूकम्प प्रतिरोधात्मक नहुनु, कच्ची तथा जीर्ण हुनु, दक्ष सिकर्मी तथा डकर्मी नहुनु | भवन निर्माण आचारसंहिता लागु गर्ने/भूकम्प प्रतिरोधात्मक घरहरु तथा सामुदायिक भवन निर्माणमा जोड दिने | | | | |
| १.४.१ | | भूकम्प प्रवलिकरणको लागि आवश्यक ज्ञान/चेतना अभिवृद्धि गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति र नगरपालिका | समिति | नगरपालिका कार्यालय तथा नगरपालिका | बर्षमा एक पटक |
| **२. बाढीको सन्दर्भ** | | | | | | |
| २.१ | बाढीको कारण समुदायमा रहेका करिब ४० प्रतिशत घर, खेत, | बाढीका समयमा अप्नाउनु पर्ने सावधानी तथा कार्यहरुको चेतना तथा क्षमता विकास गर्ने | | | | |
| २.१.१ | | बाढी सुरक्षा सम्बन्धि घरदैलो गर्ने | स्थानिय विपद् तथा जलवायु | समिति | नगरपालिका कार्यालय तथा | प्रत्येक बर्ष असारको |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | सडक, कल्भर्ट र सामुदायिक भवन जोखिममा रहेका छन । | | उत्थानशील समिति | | सहयोगी संघसंस्था | पहिलो सप्ताह भित्र |
| २.१.२ | | बाढी व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष बैशाख जेठमा |
| २.१.३ | | बाढीले बगाएको वा बाढी माटो/ बालुवा भएका ठाँउमा गर्ने बैकल्पिक जिविकोपार्जन सम्बन्धि तालिम संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष भाद्रमा |
| २.१.४ | | बाढीको समयमा गर्ने संकेत (सुचना प्रवाह) सम्बन्धि अभिमुखीकरण तथा अभ्यास | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति, तथा विद्यालय | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष जेठ तथा असार महिनामा |
| २.१.५ | | पुर्व सुचना प्रणाली संयन्त्रको बिकास गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष बैशाख |
| २.१.६ | | घर घरमा झटपट झोला तयारी गर्ने अभियान चलाउने र आवश्यक सम्पुर्ण सामाग्रीको व्यवस्थापन गरी सजिलै भेटने स्थानमा राख्न | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष बैशाख |
| २.१.७ | | परिवारिक पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई जिम्मेवारी बाँडफाड गर्ने र परिवार भित्रका महिला, सुत्केरी, गर्भवती, बालबालिका तथा बुढापाकाहरुलाई प्रतिकार्यका समयमा बिशेष | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष बैशाख |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | प्राथमिकतामा राखी उद्धार गर्ने | | | | |
| २.१.८ | | विद्यालयमा बाढीको समयमा गर्ने सुरक्षा सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति तथा विद्यालय | समिति, विद्यालय | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष जेठ तथा असार महिनामा |
| २.१.९ | | विद्यालयमा बाढी व्यवस्थापन सम्बन्धि अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति तथा विद्यालय | शिक्षा शाखा | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष जेठ तथा असार महिनामा |
| **३. सर्पदंसको सन्दर्भमा** | | | | | | |
| ३.१ | सर्पदंश सुरक्षासम्बन्धि ज्ञानको कमी | सर्पदंश सम्बन्धि जनचेतना अभिबृद्धि गर्ने | | | | |
| ३.१.१ | सर्पदंश सुरक्षासम्बन्धि ज्ञानको कमी | सर्पदंशबाट बाँच्ने उपाय सम्बन्धि सामुदायिक भेला गराई जानकारी दिने तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष चैत्र, बैसाखमा |
| ३.१.२ | सर्पदंश सुरक्षासम्बन्धि ज्ञानको कमी | बिद्यालयमा सर्पदंश सचेतना सम्बन्धि विशेष कक्षा सञ्चालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति तथा विद्यालय | समिति तथा विद्यालय | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष चैत्र देखि भाद्रसम्म प्रत्येक महिना |
| ३.१.३ | सर्पदंश सुरक्षासम्बन्धि ज्ञानको कमी | सर्पदंश सम्बन्धि सुचना सामग्रीहरु , पर्चा, पम्पलेटहरु सबै घर घरमा वितरण गर्ने‘, रेडियो कार्यक्रम संचालन । | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति तथा बाल क्लब | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष चैत्र देखि भाद्र महिना सम्म |
| ३.१.४ | सर्पदंश सुरक्षासम्बन्धि ज्ञानको कमी | सर्प दश प्राथमिक उपचार सम्बन्धि तालिम बिद्यालय तथा सामुदाय स्तरमा संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति तथा बाल क्लब | नगरपालिका कार्यालय तथा | प्रत्येक बर्ष चैत्र बैसाखमा |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | | | | सहयोगी संघसंस्था | |
| ३.२ | सर्पदंशको सुरक्षित व्यवहारका कमी | सर्पदंश सम्बन्धि क्षमता विकास गर्ने | | | | |
| ३.२.१ | सर्पदंशको सुरक्षित व्यवहारका कमी | सर्पदंश जोखिम न्यूनीकरण सम्बन्धि तालिम संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | प्रत्येक बर्ष चैत्र बैसाखमा |
| ३.२.२ | सर्पदंशको सुरक्षित व्यवहारका कमी | सरसफाई सम्बन्धि सामुदायिक अभियान संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति तथा विद्यालय | समिति तथा विद्यालय | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | चैत्र देखि दुई महिनामा एक पटक निरन्तर |
| ३.२.३ | सर्पदंशको सुरक्षित व्यवहारका कमी | सर्पको जोखिम हुने स्थानहरुको प्रत्येक परिवार तथा समुदायले नक्साङ्कन गर्ने तथा सो स्थानमा सावधानी अपनाई आवागमन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | िनयमित |
| **४. आगलागी** | | | | | | |
| ४.१ | फुसका घर तथा बार भएका घर , घर वरिपरी सुकेका पात पतिङ्गर भएको स्थानमा हुने आगलागीको जोखिम, आगलागी सुरक्षामा जानकारीको कमी वा आगोलाई हल्का रुपमा लिई हेलचेक्राई गर्नु | आगलागी सुरक्षा सम्बन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | | | | |
| ४.१.१ | | आगलागी सुरक्षाका लागि घरदैलो कार्यक्रम संचालन गर्ने तथा आगलागी सुरक्षा सम्बन्धि संयन्त्रको अनुगमन गर्ने, रेडियाृ कार्यक्रम संचालन | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा एक पटक माघ महिनामा |
| ४.१.२ | | विजुली तथा ग्याँस प्रयोग सम्बन्धी सचेतनमुलक कार्यक्रमहरु सञ्चालन गर्ने । | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा तीन पटक असोज, माघ र बैसाखमा |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| ४.१.३ | तथा अग्नी सुरक्षा तथा नियन्त्रण सम्बन्धि क्षमताको कमीले गर्दा आगलागी प्रकोपको जोखिम रहेको | आगलागी तथा आगलागी सुरक्षा सम्बन्धि सडक नाटक कार्यक्रम संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा एक पटक पौष माघ महिनामा |
| ४.१.४ | | विद्यालयमा सुख्खा याम अघि आगलागी सम्वन्धि कक्षा संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा तीन पटक माघ फाल्गुन तथा वैशाख महिनामा |
| ४.१.५ | | गाउँमा आगलागी सुरक्षाका लागि जनचेतना कार्यक्रम, र्‍याली तथा माईकिङ्ग गर्ने र अटेरी गर्ने घरपरिवारलाई जरीवानाको व्यवस्था गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा एक पटक पौष माघ |
| ४.१.६ | | दमकल, एम्बुलेन्स, खोज तथा उद्धार कार्यदल, सुरक्षा कर्मी, स्वास्थ्यकर्मी लगायतको आवश्यक आपतकालिन नम्बरहरु संकलन गरी राख्ने तथा सार्वजनिक स्थलमा सोको वाल पेन्टिंग गराउने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा एक पटक फाल्गुन महिनामा |
| ४.२ | | आगलागी सुरक्षा तथा अग्नी नियन्त्रण सम्बन्धि तालिम सञ्चालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा एक पटक फाल्गुन महिनामा |
| **५. शितलहरको सन्दर्भमा** | | | | | | |
| ५.१ | शितलहरबाट गरिब तथा दलित घरपरिवारहरु संकटासन्नतामा रही जाडोयाममा चिसोका कारण | शितलहर सम्बन्धि जनचेतना अभिबृद्धि अभियान | | | | |
| ५.१.१ | | शितलहरबाट बच्ने उपाय बारे रेडियो जिंगल प्रशारण | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | नगरपालिका | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | मंसीर देखि माघ महिना |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| ५.१.२ | कठ्यांग्रिने , निमोनिया, रुघाखोकी जस्ता प्रकोपबाट प्रभावित रहेको छ । | घरको भिता, टाटी, झयाल, ढोका निर्माण तथा मर्मत गरी शितलहरबाट बच्ने अभियान चलाउने | समुदाय तथा घरपरिवार | नगरपालिका | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | असोज र कार्तिक महिना |
| ५.१.३ | | विद्यालयमा शितलहर र यसबाट सुरक्षित हुने विधि सम्वन्धि कक्षा संचालन गर्ने | शिक्षा समिति तथा विद्यालय | नगरपालिका | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | कार्तिक देखि माघ महिना सम्म |
| ५.१.४ | | समुदायमा शितलहरबाट बच्ने उपाय सम्बन्धि जनचेतनामुक कार्यक्रमहरु संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | कार्तिक देखि माघ महिना सम्म |
| **६. सडक दुर्घटनाको सन्दर्भमा** | | | | | | |
| ६.१ | सवारी साधनमा चलाउँदा लापर्वाही बढ्नु तथा सिकारुले सवारी साधन चलाउँनु, मदिरा सेवन गरी तिब्र गतिमा सवारी चलाउनु, सडकको अवस्था राम्रो तथा फराकिलो नहुनु साथै ट्राफिक नियमावली बारे चेतना को कमी । | सुरक्षित सवारी साधन सञ्चालन सम्बन्धि चेतना अभिवृद्धि गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका कार्यालय, विद्यालय, प्रहरी तथा ट्राफिक कार्यालय | बर्षमा दुई पटक दशै अघि र बैशाख महिनामा |
| ६.२ | | ट्राफिक नियम पालना सम्बन्धि प्रचार प्रसार तथा अभिमुखिकरण गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका कार्यालय, विद्यालय, प्रहरी तथा ट्राफिक कार्यालय | ानियमित |
| ६.३ | | ट्राफिक अनुगमन तथा मपासे जाँचमा कडाई गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका कार्यालय, विद्यालय, प्रहरी तथा ट्राफिक कार्यालय | ानियमित |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **७. जंगली जानवरको सन्दर्भमाः** | | | | | | |
| ७.१.१ | नगर क्षेत्रका २५ प्रतिशत बाली नाली बन्यजन्तुबाट क्षति हुनु तथा मानिस र चौपाया आक्रमणमा परि मृत्यु तथा घाइते हुनु । | वन्यजन्तु नियन्त्रण सम्वन्धि नीती वनाउने र कार्यान्वयन गर्ने । | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | नगरपालिका विपद् व्यवस्थापन समिति | नगरपालिका | १ बर्ष भित्र |
| ७.१.२ | | डराउने, तर्साउने र जंगल तिर भगाउने अभियान चलाउने र पालै पालो बालीनाली कुर्ने ब्यवस्था मिलाउने । | जग्गा धनि | नगरपालिका विपद् व्यवस्थापन समिति | नगरपालिका | असोज देखि कार्तिक सम्म |
| ७.१.३ | | वन्यजन्तु नियन्त्रणका लागि जिल्ला बन कार्यालय संग समन्वय गर्ने । | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | नगरपालिका विपद् व्यवस्थापन समिति | जिल्ला बन कार्यालय | ६ महिना भित्र |
| **८. रोग तथा किराको सन्दर्भमा** | | | | | | |
| ८.१. | रोग तथा किरा को प्रकोपबाट बालीनाली क्षति भई उत्पादनमा कमी तथा सो का नियन्त्रणका लागी आर्थिक खर्चमा बृद्धि भएको तथा बिषादीको प्रयोग अत्यधिक भई स्वास्थ्यलाई असर पर्ने किसिमको अन्न तथा तरकारीको उत्पादन | कृषकहरुलाई रोग तथा किरा नियन्त्रण सम्बन्धि तालिम तथा अभिमुखिकरण संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | कृषि शाखा | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | बर्षमा १ पटक |
| ८.२ | | रोग तथा किराको असर कम पर्ने लोकल जातका बालीनाली लगाउन कृषक लाई अभिप्रेरित गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | कृषि शाखा | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | निरन्तर |
| ८.३ | | रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै प्रांगारिक मल, गोबर मल र भरमि कम्पोष्ट मलको प्रयोगमा जोड दिने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | कृषि शाखा | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | निरन्तर |
| ८.४ | | किरा नियन्त्रणका एकिकृत शत्रुजीव व्यवस्थापनको तालीम तथा सामाग्रीको सहयोग गर्ने | स्थानिय विपद् तथा जलवायु | कृषि शाखा | नगरपालिका कार्यालय तथा | निरन्तर |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था आन्तरिक | स्रोतको व्यवस्था बाह्य (सहयोगी) | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | उत्थानशील समिति | | सहयोगी संघसंस्था | |
| **९. हुरीबतासको सन्दर्भमा** | | | | | | |
| ९.१ | | हुरीबतासको समयमा अप्नाउने पर्ने सुरक्षा सम्बन्धि चेतना तथा क्षमता अभिवृद्धि गर्ने | | | | |
| **९.१.१** | हुरीबतासले चैत्र देखि जेष्ठसम्म घर, बोट विरुवा तथा बालीमा क्षति गर्दा मानवीय क्षति पनि हुन सक्ने । तर मानिसहरुमा हुरीबतासको समयमा लापर्वाही गर्ने गरेको | हुरीबतासको समयमा अप्नाउँने सावधानीको विषयमा सचेतनाका | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | नगरपालिका | सहयोगी निकाय | प्रत्येक वर्ष फाल्गुण तथा चैत्र |
| **९.१.२** | | हुरीबतासको समयमा सुरक्षित स्थान तथा बस्ने तरिकाको विषयमा अभ्यास | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | नगरपालिका | सहयोगी निकाय | प्रत्येक वर्ष चैत्र |
| **९.१.३** | | विद्यालयमा बालबालिकालाई हुरीबतास सुरक्षाका विषयमा अतिरिक्त क्रियाकलाप संचालन | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति तथा विद्यालय | नगरपालिका | सहयोगी निकाय | प्रत्येक वर्ष फाल्गुण महिनामा |
| **९.१.४** | | हुरीबतासले कम असर गर्ने खालका बाली नाली तथा जातहरुको प्रबर्धन गर्ने । | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | कृषि शाखा | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | निरन्तर |
| **१०.खडेरीको सन्दर्भमा** | | | | | | |
| १०.१ | | बैकल्पिक कृषिको क्षमता विकास तथा चेतना अभिवृद्धि गर्ने | | | | |
| १०.१.१ | खडेरीका कारण कृषि उत्पादनमा ह्रास | बैकल्पिक कृषि प्रविधि तथा बिउँ विजनसम्बन्धि तालिम तथा अभिमुखीकरण गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थान शील समिति | कृषि शाखा | नगरपालिका कार्यालय तथा कृषि सेवा केन्द्र | प्रत्येक बर्ष चैत्र देखि आषाढ र मार्ग देखि पौष |
| १०.१.२ | | कम पानीमा उत्पादन हुने जातका बालीनालीको बीउँ प्रवर्द्धन गर्ने तथा प्रचार प्रसार गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | कृषि शाखा | नगरपालिका कार्यालय तथा कृषि सेवा केन्द्र | प्रत्येक बर्ष चैत्र देखि आषाढ र मार्ग देखि पौष |
| १०.१.३ | | पानी तथा पानीको मुहान संरक्षण सम्बन्धि जनचेतना कार्यक्रम संचालन | स्थानिय विपद् तथा जलवायु | कृषि शाखा | नगरपालिका कार्यालय | बर्षमा २ पटक |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | | उत्थानशील समिति | | तथा कृषि ज्ञान केन्द्र | |
| **११. माहामारीको सन्दर्भमा** | | | | | | |
| ११.१. | महामारी प्रकोपबाट मानवीय तथा आर्थिक क्षति भई समुदायमा दिर्घकालिन रुपमा अस्वस्थ्य तथा रोगी र कुपोषितको संख्यामा बृद्धि भई राज्यलाई थप भार सृजना हुन सक्ने | सरसफाई सम्बन्धि जनचेतनाका कार्य समुदायमा सञ्चालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा नगरपालिका बास समिति | प्रत्येक बर्ष चैत्र देखि आषाढ |
| ११.२ | | सरसफाई सम्बन्धि विद्यालयमा विभिन्न कार्यक्रम संचालन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | विद्यालय तथा बाल क्लब | प्रत्येक बर्ष चैत्र देखि आषाढ |
| ११.३ | | व्यवस्थित तथा सुरक्षित खानेपानीको प्रयोग र पानी शुद्धिकरण बिधि बारे जानकारी गराउने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय, विद्यालय, प्रहरी तथा ट्राफिक कार्यालय | बर्षमा दुई पटक दशै अघि र बैशाखमा |
| | | नियमित चर्पीको प्रयोग तथा चर्पी व्यवस्थापन गर्ने | स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति | समिति | नगरपालिका कार्यालय तथा सहयोगी संघसंस्था | निरन्तर |
| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| १.१ | भूकम्प, बाढी, पहिरो र हावाहुरीबाट होचा तथा कमजोर अवस्थाका घरहरु आंशिक या पूर्णरुपमा क्षति भै र प्रभावित जनसंख्यालाई आवासको समस्या, विधालयहरु भत्किएकोले पठनपाठनको समस्या, साथै खाद्दान्न, गैर खाद्द सामाग्री र खानेपानी र सरसफाई सम्वन्धि सूचनाको अभाव र समन्वय गर्न कठिनाई | १. सर्म्पक व्यक्तिले समन्वय तथा सूचना व्यवस्थापन क्लष्टरको जिल्ला स्तरमा हुने आपतकालिन वैठकमा भाग लिने<br>२. नपा समन्वय तथा सूचना व्यवस्थापन क्लष्टरको वैठक वस्ने<br>३. स्थानीय आपतकालिन कार्य संचालन केन्द्र संग समन्वय गर्ने<br>४. बाढीको प्रकोपको समयमा माथिल्लो तटिय क्षेत्रका वासिन्दाले तल्लो तटिय क्षेत्रमा पूर्व सूचना दिने | नगरपालिका स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | १ लाख | नगरपालिका | जिल्ला बिपद व्यवस्थापन समिति | ० देखि ७ घंटा सम्म |
| १.२ | | १. विभिन्न क्लष्टरहरु संग समन्वय बैठक गर्ने<br>२. विभिन्न क्लष्टहरुको क्षतिको प्रारम्भिक (Initial Rapid Assessment, IRA ) को फर्मबाट तथ्यांक संकलन गर्ने<br>३. सूचना संकलन सम्वन्धि Information Desk खडा गर्ने र संकलिन सूचनालाई स्थानीय आपतकालिन | नगरपालिका | १ लाख | नगरपालिका | सुचना शाखा तथा बिपद व्यवस्थापन शाखा | ० देखि २४ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | कार्य संचालन केन्द्र मार्फत प्रसारण गर्ने | | | | | |
| १.३ | | १. प्रारम्भिक सूचनालाई सम्वन्धित क्लष्टरमा संप्रेषण गर्ने<br>२. जिल्ला, समुदाय र उपमहानगरपालिकामा समन्वय गर्ने | सुचना शाखा तथा बिपद व्यवस्थापन शाखा | २ लाख | नगरपालिका | नगरपालिका | २४ देखि ७२ घंटा सम्म |
| १.४ | | विभिन्न क्लष्टहरुको क्षतिको प्रारम्भिक (Multi-Cluster-Initial Rapid Assessment, MIRA ) को फर्मबाट तथ्यांक संकलन गर्ने | सुचना शाखा तथा बिपद व्यवस्थापन शाखा | ५ लाख | नगरपालिका | नगरपालिका | ७२ घंटा देखि २ हप्ता सम्म |
| १.५ | | संकलित तथ्यांकको विश्लेषण, संक्षेपीकरण गरी सम्वन्धित स्थानीय आपतकालिन कार्य संचालन केन्द्र मार्फत क्लष्टर तथा संचार क्षेत्रलाई उपलव्ध गराउने | सुचना शाखा तथा बिपद व्यवस्थापन शाखा | ३ लाख | नगरपालिका | नगरपालिका | २ हप्ता देखि १ महिना सम्म |
| १.६ | | विपद्को समयमा महामारी फैलिन नदिनकोलागि रेडियो, टिभि, एफएमबाट सूचना प्रसारण गर्ने | सुचना शाखा तथा बिपद व्यवस्थापन शाखा | २ लाख | नगरपालिका | नगरपालिका | १ महिना देखि ३ महिना सम्म |

## २. बिषयगत क्षेत्र : खोज तथा उद्धार

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| २.१ | भूकम्प, बाढी, पहिरो र हावाहुरीबाट संकटासन्न घर परिवार र त्यसका जनसंख्या प्रभावित, मानिसहरुको मृत्यु भएको, घाइते भएको र अझै भग्नावशेषमा मानिसहरु पुरिएको अवस्थामा रहेको | १. खोज तथा उध्दार क्लष्टरको वैठकमा नपाबाट भाग लिने<br>२. खोज तथा उद्धार क्लष्टर संग समन्वय गरेर सुरक्षा निकायको सहयोगको लागि आव्हान गर्ने र खोज तथा उध्दारका कार्य गर्ने<br>३. समुदाय स्तरमा तयार गरिएका दक्ष खोज तथा उद्धार जनशक्तिलाई परिचालन गर्ने र खोज तथा उध्दारका कार्य गर्ने<br>४.घाइतेहरुको प्राथमिक उपचार गर्ने र सिकिस्त घाइतेहरुलाई अस्पताल पुरयाउने व्यवस्था गर्ने | नपा र वडा विपद तथा जलवायु उत्थानशील समिति र विपद व्यवस्थापन शाखाको सर्म्पक व्यक्ति | ३ लाख | नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समिति, | ० देखि ७ घंटा सम्म |
| २.२ | | १. सुरक्षा निकायले कमाण्ड पोष्ट खडा गर्ने र खोज तथा उद्धार, राहत वितरणमा स्थानीय सरकारलाई सहयोग गर्ने<br>२. महिला, वालवालिका, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिई खोज तथा उद्धार कार्य गर्ने | खोज तथा उद्धार कार्यदल | २ लाख | नगरपालिका | सुरक्षा निकाय, रेडक्रस, नेपाल स्काउट | ० देखि २४ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| २.३ | | बहुमूल्य वस्तुहरुको सुरक्षा तथा संरक्षण गर्ने , अभिलेख राख्ने व्यवस्था मिलाउने | खोज तथा उद्धार कार्यदल | ०० | नगरपालिका | सुरक्षा निकाय, | २४ देखि ७२ घंटा सम्म |
| २.४ | | खोज तथा उध्दार कार्यलाई जारी राख्ने र राहत वितरणमा सहयोग गर्ने | खोज तथा उद्धार कार्यदल | ०० | नगरपालिका | सुरक्षा निकाय, रेडक्रस, नेपाल स्काउट | ७२ घंटा देखि २ हप्ता सम्म |
| २.५ | | राहत वितरण, सुरक्षा तथा चोरी, डकैती र हिंसा हुन नदिन कार्य गर्ने | खोज तथा उद्धार कार्यदल | ०० | नगरपालिका | सुरक्षा निकाय, | २ हप्ता देखि १ महिना सम्म |
| २.६ | | राहत वितरण, सुरक्षा तथा चोरी, डकैती र हिंसा हुन नदिन कार्य निरन्तर गर्ने | खोज तथा उद्धार कार्यदल | ०० | नगरपालिका | सुरक्षा निकाय, | १ महिना देखि ३ महिना सम्म |

## ३. बिषयगत क्षेत्रः कृषि, खाद्यय तथा जिविकोपार्जन

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| ३.१ | बाढी, पहिरो, हावाहुरी तथा भूकम्पबाट संकटासन्न घरधुरीका जनसंख्या प्रभावित भई खाद्दान्न नष्ट | खाद्दान्न क्लष्टरको आकस्मिक वैठक वस्ने | कृषि शाखा | १० हजार | नगरपालिका | सहयोगी संघ संस्था | ० देखि ७ घंटा सम्म |
| ३.२ | | १. खाद्य क्षेत्रको आवश्यकताकोलागि प्रारम्भिक लेखाजोखा गर्ने<br>२. तत्कालको तयारी खानेकुरा चाउचाउ, | कृषि शाखा | ५ लाख | नगरपालिका | विभिन्न क्लवहरु रोटरी, लायन्स र जेसिज, उधोग | ० देखि २४ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | भएको र खाद्द अभाव भएको गर्भवती, सुत्केरी र वालवालिकालाई पोषण अभाव भएको | विस्कुट, चिउरा, भुजा वितरण गर्ने | | | | वाणिज्य संघ, रेडक्रस | |
| ३.३ | | खाद्दान्न सहयोगकोलागि समन्वय तथा आह्वान गर्ने | कृषि शाखा | ०० | नगरपालिका | सहयोगी निकाय | २४ देखि ७२ घंटा सम्म |
| ३.४ | | १. गर्भवती र सुत्केरी महिला,वालवालिकालाई आवश्यक पर्ने पोषणको सामाग्रीहरुको विस्तृत तथ्यांक संकलन गर्ने<br>२..खाद्दान्न सप्लाई गर्ने सप्लायर्स संग समन्वय गर्ने र खाद्दान्नको व्यवस्था गर्ने<br>३ खाद्द सामाग्रीहरु दाल, चामल, तरकारी, नून, तेल, मरमसला वितरण गर्ने र स्फेयर मापदण्ड अनुसार वितरण गर्ने<br>४. गर्भवती र सुत्केरी महिला, वालवालिकालाई आवश्यक पर्ने पोषण सामाग्रीहरु लिटो, दुध, गेडागुडी, घिउ, माछामासु वितरण गर्ने<br>५. खाद्यान्न सामाग्रीहरु मिति ननाघेको, गुणस्तरयुक्त र राम्ररी प्याकेज गरिएको वितरण गर्ने | कृषि शाखा | २० लाख | नगरपालिका | सहयोगी निकाय | ७२ घंटा देखि २ हप्ता सम्म |
| ३.५ | | निरन्तर खाद्यान्न सहयोग | कृषि शाखा | ५० लाख | नगरपालिका | सहयोगी निकाय | २ हप्ता देखि १ महिना |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| ३.६ | | निरन्तर खाद्यान्न सहयोग | कृषि शाखा | ५० लाख | नगरपालिका | सहयोगी निकाय | १ महिना देखि ३ महिना |

## ४. स्वास्थ्य र पोषणः

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| ४.१ | भूकम्प, बाढी, पहिरो र हावाहुरीबाट स्वास्थ्य संरचनाहरु भत्केको,मानिसहरु घाइते भएको तथा स्वास्थ्य उपचार सम्वन्धि सामाग्रीहरु नष्ट भएको | १. स्वास्थ्य तथा पोषण क्लष्टरको आकस्मिक वैठक संचालन गर्ने<br>२. RRT टोली परिचालन गरेर घाइतेहरुको तत्काल प्राथमिक उपचार गर्ने र Triage गर्ने<br>३. सिकिस्त घाइतेहरुलाई एम्वुलेन्स वोलाई अस्पताल सम्म पुरयाउने व्यवस्था गर्ने | स्वास्थ्य शाखा | २ लाख | नपा | नीजी तथा जिल्ला स्तरका अस्पतालहरु | ० देखि ७ घंटा सम्म |
| ४.२ | | १. स्वास्थ्य तथा पोषण क्लष्टरसंग सम्वन्धित क्षतिको प्रारम्भिक क्षतिको तथ्यांक संकलन गर्ने<br>२. मृतकहरुको शव व्यवस्थापन गर्ने | स्वास्थ्य शाखा | ५० हजार | नपा | नपा तथा सुरक्षा निकाय, जिल्ला अस्पताल | ० देखि २४ घंटा सम्म |
| ४.३ | | तत्काल प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा संचालन गर्न शिविर स्थापना गर्ने र | स्वास्थ्य शाखा | ५० हजार | नपा | नीजी तथा जिल्ला | २४ देखि ७२ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | आवश्यक समाग्रीहरुको व्यवस्थापन गर्ने | | | | स्तरका अस्पतालहरु | |
| ४.४ | | १. प्रभावितहरुकोलागि विशेष गरी गर्भवती र सुत्केरी महिला र वालवालिकाको पोषणको अवस्था वारे तथ्यांक संकलन गर्ने<br>२. स्वास्थ्य र पोषण सेवा संग विस्तृत तथ्यांक संकलन गर्ने<br>३. पोषण सम्वन्धि आवश्यक सामाग्रीहरु उपलव्ध गराउने<br>४.दीर्घ रोगीहरु, एचआईभी संक्रमितहरुले नियमित खाने औषधीहरु उपलव्ध गराउने | स्वास्थ्य शाखा | ३ लाख | नपा | नपा तथा सहयोगी संघ संस्थाहरु | ७२ घंटा देखि २ हप्ता सम्म |
| ४.५ | | जिल्ला अस्पतालहरु र नीजी अस्पतालहरु संग समन्वय गरी आवश्यक सहयोग माग गर्ने | स्वास्थ्य शाखा | ०० | नपा | जिल्ला अस्पतालहरु र नीजी अस्पतालहरु | २ हप्ता देखि १ महिना सम्म |
| ४.६ | | आधारभूत स्वास्थ्य सेवा निरन्तर गर्ने र औषधीहरुको निरन्तर सेवा उपलव्ध गराउने | स्वास्थ्य शाखा | ३ लाख | नपा | जिल्ला अस्पतालहरु र नीजी अस्पतालहरु | निरन्तर |

## ५.खानेपानी तथा सरसफाई :

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| ५.१ | भूकम्प, बाढी, पहिरो र हावाहुरीबाट संकटासन्न घर परिवार र त्यसका जनसंख्या प्रभावित साथै खानेपानीका टंकी, पाइपलाइनमा क्षति र धाराहरु विग्रेकोले खानेपानी तथा सरसफाईकोलागि पानीको अभाव भएको र शिविरमा शौचालयको अभाव | खानेपानी तथा सरसफाई क्लष्टरको आकस्मिक बैठक वस्ने | नपा खोनपानी समिति | ०० | नपा खोनपानी समिति | संघसंस्था | ० देखि ७ घंटा सम्म |
| ५.२ | | १. खानेपानी र सरसफाई सम्वन्धि प्रारम्भिक तथ्यांक संकलन गर्ने<br>२. तयारी खानेपानी वितरण गर्ने | नपा खोनपानी समिति | ५ लाख | नगरपालिका | खानेपानी टयांकर व्यवसायी | ० देखि २४ घंटा सम्म |
| ५.३ | | १. १००० लिटर क्षमताको १२ वटा पानी टंकी खरिद गरी वा भण्डारमा भएको टंकीमा नपाको दमकलबाट पानी वितरण गर्ने । पानी वितरण गर्दा स्पेयर मापदण्ड अनुसार वितरण गर्ने<br>२. खानेपानी शुध्दिकरणका सामाग्रीहरु जस्तै पियुष, अक्वा गार्डहरु वितरण गर्ने<br>३. अस्थायी शौचालय निर्माण गर्ने २० जना व्यक्तिको लागि १ शौचालयको आधारमा २००० जनाको लागि १०० शौचालय तयार गर्न प्यान, सिजिआई सिट,बांस तथा प्लाष्टिक सिटहरु वितरण गर्ने | नपा खोनपानी समिति | ५ लाख | नगरपालिका | खानेपानी डिभिजन इकाइ तथा सहयोगी संघ संस्था | २४ देखि ७२ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | ४.सरसफाईकोलागि वाल्टिन, मग, हातधुने र नुहाउनेसावुन, वितरण गर्ने | | | | | |
| ५.४ | | १. पानी तथा सरसफाई सम्वन्धि विस्तृत विवरण संकलन<br>२. प्रभावित परिवारकोलागि हाइजीन किट वितरण गर्ने<br>३. १०० वटा २० लि. क्षमताको डस्टविनहरु वितरण गर्ने | नपा खोनपानी समिति | १ लाख ५० हजार | नगरपालिका | खानेपानी डिभिजन इकाइ तथा सहयोगी संघ संस्था | ७२ घंटा देखि २ हप्ता सम्म |
| ५.५ | | खानेपानी तथा सरसफाई सम्वन्धि जनचेतना फैलाउने | नपा खोनपानी समिति | २ लाख | नगरपालिका | खानेपानी डिभिजन इकाइ तथा सहयोगी संघ संस्था | २ हप्ता देखि १ महिना सम्म |
| ५.६ | | खानेपानी तथा सरसफाई सेवा निरन्तर गर्ने | नपा खोनपानी समिति | ०० | नगरपालिका | खानेपानी डिभिजन इकाइ तथा सहयोगी संघ संस्था | १ महिना देखि ३ महिना सम्म |

## ६. बिषयगत क्षेत्र : संरक्षण

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| ६.१ | भूकम्प, बाढी, पहिरो र हावाहुरीबाट वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिककलाई समस्या हुने, वालवालिकाहरु वेचविखनमा पर्न सक्ने र यौन दुर्व्यवहार हुने | १. संरक्षण क्लष्टरको आकस्मिक वैठक संचालन गर्ने<br>२. विपद्मा परेका वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको उध्दारकोलागि सुरक्षा निकाय संग समन्वय गर्ने<br>३. घाइतेहरुको प्राथमिक उपचार गर्ने र सिकिस्त विरामीहरुलाई अस्पताल पुरयाउने | महिला तथा बाल बालिका शाखा (संरुक्षण क्षेत्र) | २ लाख | नगरपालिका | आमा समुहहरु , महिला समुहहरु , वाल संजाल | ० देखि ७ घंटा सम्म |
| ६.२ | | १. वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको प्रारम्भिक तथ्यांक संकलन गर्ने<br>२. विपद्मा परेका वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थान पहिचान गरी स्थानान्तरण गर्ने | महिला तथा बाल बालिका शाखा (संरुक्षण क्षेत्र) | ५ लाख | नगरपालिका | आमा समुहहरु , महिला समुहहरु , वाल संजाल | ० देखि २४ घंटा सम्म |
| ६.३ | | प्रभावित वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिककलाई मनोसामाजिक परामर्श दिने | महिला तथा बाल बालिका शाखा | १ लाख | नगरपालिका | आमा समुहहरु , महिला समुहहरु , वाल संजाल | २४ देखि ७२ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | | (संरुक्षण क्षेत्र) | | | | |
| ६.४ | | १. प्रभावित वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको विस्तृत विवरण संकलन गर्ने<br>२. हिंसा, वेचविखन, यौन दुर्व्यवहार, शोषण सम्वन्धि जनचेतना जगाउने<br>३. निगरानी समुहले हिंसा, वेचविखन, यौन दुर्व्यवहार, शोषण हुन नदिन प्रहरी संग मिलेर निगरानी राख्ने | महिला तथा बाल बालिका शाखा (संरुक्षण क्षेत्र) | २ लाख | नगरपालिका | आमा समुहहरु , महिला समुहहरु , वाल संजाल | ७२ घंटा देखि २ हप्ता सम्म |
| ६.५ | | १. प्रभावित परिवारको लागि डिग्नीटी किट वितरण गर्ने<br>२.तनाव व्यवस्थापन गर्ने र मनोसामाजिक परामर्श दिने<br>३. वालवालिकाहरुको पारिवारीक पुनर्मिलन गराउने | महिला तथा बाल बालिका शाखा (संरुक्षण क्षेत्र) | ५ लाख | नगरपालिका | आमा समुहहरु , महिला समुहहरु , वाल संजाल | २ हप्ता देखि १ महिना सम्म |
| ६.६ | | निरन्तर फलो अप गर्ने र सहयोग निरन्तर जारी राख्ने | महिला तथा बाल बालिका शाखा (संरुक्षण क्षेत्र) | १ लाख | नगरपालिका | आमा समुहहरु , महिला समुहहरु , वाल संजाल | १ महिना देखि ३ महिना सम्म |

## ७. बिषयगत क्षेत्र: शिक्षा

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| ७.१ | प्रकोपबाट विशेष गरी बाढी, पहिरो, भूकम्पबाट १० वटा विधालयमा क्षति भएको, पाठ्य सामाग्रीहरु नष्ट भएको र वालवालिकाको पठन पाठन अवरुध्द भएको | शिक्षा बक्लष्टरको आकस्मिक वैठक संचालन गर्ने र विधालय केही समय वन्द गर्ने | शिक्षा समिति | १ लाख | नपा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | ० देखि ७ घण्टा |
| ७.२ | | घाइते विधार्थी, शिक्षक तथा कर्मचारीललाई प्राथमिक उपचार गर्ने र अस्पताल पठाउने | शिक्षा समिति | १ लाख | नपा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | ० देखि ७ घण्टा |
| ७.३ | | घटनावारे घटना स्थलमा पुगी क्षतिको तथ्यांक संकलन गर्ने जस्तै कति विधालय आंशिक वा पूर्ण क्षति भयो, कति विधार्थी घाइते या मृत्यु भयो आदि | शिक्षा समिति | १ लाख | नपा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | ० देखि २४ घंटा सम्म |
| ७.४ | | १. समुदायसंग छलफल गर्ने<br>२. अस्थायी सिकाई केन्द्र निर्माणकोलागि ठाउं छनोट गर्ने | शिक्षा समिति | १ लाख | नपा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | २४ देखि ७२ घंटा सम्म |
| ७.५ | | १.अस्थायी सिकाई केन्द्र निर्माण गर्ने<br>२. अस्थायी सिकाई केन्द्रमा खानेपानी, शौचालयको व्यवस्था गर्ने, यी संरचना निर्माण गर्दा अपांग मैत्री, महिला मैत्री संरचना तयार गर्ने<br>३. शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गर्ने<br>४. वालवालिकालाई विधालय | शिक्षा समिति | २० लाख | नपा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | ७२ घंटा देखि २ हप्ता सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| | | आउन वातावरण तयार गर्ने<br>५. शिक्षकहरुलाई तालिम दिने र शिक्षकको व्यवस्था गर्ने | | | | | |
| ७.६ | | १. अस्थायी सिकाई केन्द्रमा कक्षा संचालन गर्ने<br>२. शुरुका दिनमा वालवालिकाको भयलाई कम गर्न मनोरंजनात्मक र खेलकुद जस्ता कार्यक्रम संचालन गर्ने र काउन्सेलिंग सेवा दिने | शिक्षा समिति | ५ लाख | नपा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | २ हप्ता देखि १ महिना सम्म |
| ७.७ | | १. अस्थायी सिकाई केन्द्रमा कक्षा संचालन निरन्तर गर्ने<br>२. गुणस्तरिय शिक्षाको अनुगमन गर्ने<br>३ आवश्यक थप सामाग्रीहरुको व्यवस्था गर्ने | शिक्षा समिति | २ लाख | न्पा | शिक्षा क्षेत्रमा काम गर्ने संघ संस्था | १ महिना देखि ३ महिना सम्म |

## ८. बिषयगत क्षेत्र: आपतकालिन अवास तथा गैर्ह खाद्यय सामाग्री

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| **प्रतिकार्य योजना** | | | | | | | |
| ८.१ | बाढी, पहिरो, हावाहुरी तथा भूकम्पबाट संकटासन्न घरधुरीहरु प्रभावित भै | १. गैर खाद्द क्लष्टरको आकस्मिक वैठक वस्ने<br>२. सम्वन्धित कर्मचारी र व्यापारीहरु संग सर्म्पक गर्ने | बि.ब्य. स. र जिन्सी शाखा | १० हजार | रेडक्रस | नपा, संघ संस्था, क्लवहरु | ० देखि ७ घंटा सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| ८.२ | लत्ताकपडा, पकाउने भांडाकुंडा र अवास को अभाव | १. प्रारम्भिक द्रुत लेखाजोखा गर्ने (आवश्यकता अनुसार IRA (Initial Rapid Assessment) को मोवाइल एप्स प्रयोग गरेर व फाराम प्रयोग गरेर )<br>२. जिल्ला विपद व्यवस्थापन समिति र नपामा जानकारी गराउने | बि.ब्य. स. र जिन्सी शाखा | ५० हजार | रेडक्रस | नपा, संघ संस्था, क्लवहरु | ० देखि २४ घंटा सम्म |
| ८.३ | | तत्कालको लागि गैर खाद्द राहत सामाग्रीहरु वितरण गेर्न जस्तै लत्ताकपडा, भांडाकुंडाहरु र त्रिपाल | बि.ब्य. स. र जिन्सी शाखा | ५० हजार | रेडक्रस | नपा, संघ संस्था, क्लवहरु | २४ देखि ७२ घंटा सम्म |
| ८.४ | | आवश्यक पर्ने लत्ता कपडा उमेर अनुसार, मौसम अनुसार , भांडाकुंडाहरु कति चाहिन्छ विस्तृत तथ्यांक संकलन गर्ने | बि.ब्य. स. र जिन्सी शाखा | ५ हजार | रेडक्रस | नपा, संघ संस्था, क्लवहरु | ७२ घंटा देखि २ हप्ता सम्म |
| ८.५ | | १. राहत सामाग्रीहरु वितरण गर्ने जस्तै भांडा सेटहरुमा थाल ४ थान, डेक्ची ढकन सहित २ थान, गिलास २ थान, डाडु पन्यू १, १ थान, कराही १ थान<br>२. यसैगरी कपडा सेटमा साडी १ थान ,सुटिड. ३.५ मिटर, सर्ट कपडा ४ मिटर, प्रिन्ट कपडा ७ मिटर पेटिकोट २ मिटर, धोती १ थान, गम्छा १, त्रिपाल प्रति परिवार १ थान, कम्वल २ थान वाल्टीन १ थान र डोरी १० मिटर | बि.ब्य. स. र जिन्सी शाखा | २० लाख | रेडक्रस | नपा, संघ संस्था, क्लवहरु | २ हप्ता देखि १ महिना सम्म |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य ( सहयोगी) | |
| ८.६ | | सम्वन्धित क्लष्टर, र निकायमा समन्वय गर्ने , प्रतिवेदन पेश गर्ने अनुगमन गर्ने | बि.व्य. स. र जिन्सी शाखा | ५ हजार | रेडक्रस | नपा, संघ संस्था, क्लवहरु | १ महिना देखि ३ महिना सम्म |

## ४.३ विपद् पश्चात्‌का पुर्नलाभः पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू (विपद् समयका प्रतिकार्यका कार्यहरू सकिए पछि  ३ महिना देखि २ वर्ष सम्म)

योजनाको यस भागमा विपद् भइसकेपछि त्यसबाट परेको प्रभाव र भएको क्षतिको विश्लेषण गरी जनजीवनलाई सामान्य बनाउन, पूर्ण विस्थापित परिवारको पुनःस्थापना गर्न, क्षतिग्रस्त भौतिक संरचनाको मर्मत-सम्भार तथा पुनर्निर्माण गर्न र भविष्यमा पर्नसक्ने त्यस्तै विपद्को सामना गर्न आवश्यक क्रियाकलापलाई समेटेर पुर्नलाभ अन्तर्गतका पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलाप तयार गरि तल तालिकामा राखिएको छ। विपद्को मात्राको आधारमा पुर्नलाभका क्रियाकलाप सञ्चालन गरिने छ। ठूला विपद्का घटनाहरुमा प्रदेश, केन्द्रीय तथा बाहिरी सहायता पनि प्राप्त हुने हुँदा यी योजनाहरुको आर्थिक स्रोत प्रदेश, केन्द्रीय तथा बाहिरी सहायतालाई प्रयोग गरिने छ। मध्य तथा साना खालका विपद्मा प्रदेश, केन्द्रीय तथा बाहिरी सहायता सहित नगरपालिका, नगरपालिका तथा स्थानीय वित्तीय सेवा प्रदायक संस्थाहरुलाई परिचालन गरिने छ। क्षति तथा आवश्यकता विश्लेषणका आधारमा पुनर्लाभका कार्यक्रम निर्धारण गर्ने भएकोले क्षति तथा आवश्यकता विश्लेषण सहयोग तथा सहभागी बन्ने छ। पुनर्लाभका योजना बनाउँदा तल पहिचान गरिएका केही कार्यक्रमहरुलाई समावेश गर्ने।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| **१. शिक्षा क्षेत्र :** | | | | | | | |
| १ | विशेष गरी भुकम्प, बाढी, बाट कमजोर संरचना भएका विधालयहरुमा क्षति भएको तथा आगलागी र हुरीबतासबाट आशिक क्षति भई भवन, पाठ्य सामाग्रीहरु, खानेपानी तथा शौचालय नष्ट भएको र | पुराना भवनाषेशलाई हटाउने, सरसफाई गर्ने तथा खाल्डाखुल्डी पुरी बिद्यालय पुर्नः निर्माणको बातावरण बनाउने | शिक्षा क्षेत्र | २ लाख | नगरपालिका | नगरपालिका | ३ महिना देखि ६ महिना |
| २ | | आशिंक क्षति भएका बिद्यालय, खानेपानी तथा शौचालयको निर्माण कार्य शुरु गर्ने | शिक्षा क्षेत्र | ५ लाख | नगरपालिका | नगरपालिका | ३ महिना देखि ६ महिना |
| ३ | | पुर्ण रुपमा क्षति भएका बिद्यालय, खानेपानी तथा शौचालय, कम्पाउड, लगायतका संरचनाको पुर्न निर्माणको कार्य शुरु गर्ने | शिक्षा क्षेत्र | १० लाख | नगरपालिका | प्रदेश सरकार तथा सहयोगी संघ संस्था | ३ महिना देखि ६ महिना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | वालवालिकाको पठन पाठन अवरुध्द भएको | दक्ष प्राविधिकको डिजाइन, इस्टिमेट र भवन निर्माण अचार संहिताको पुर्ण कार्यन्वयन गरी भवन निर्माण गर्ने | शिक्षा क्षेत्र | ५० लाख | नगरपालिका | नगरपालिका | ६ महिना देखि २ बर्ष |
| ५ | | विधालय संरचना वनाउंदा नक्शा पास गर्नु पर्ने र निर्माण सामाग्रीहरु गुणस्तरको राख्ने र सम्वन्धित कार्यालयले अनुगमन गर्ने | शिक्षा क्षेत्र | ५० लाख | नगरपालिका | नगरपालिका | ३ महिना देखि २ बर्ष |
| ६ | | विधालय संरचना वनाउंदा अपांग मैत्री, वाल मैत्री र महिला मैत्री निर्माण गने | शिक्षा क्षेत्र | १० लाख | नगरपालिका | | |
| ७ | | शुद्ध खानेपानी तथा शैचालय निर्माणका लागि खानेपानी तथा बातावरणिय सरसफाइ कलष्टर तथा अन्य सहयोगी निकाय संग समन्वय र सहकार्य गर्ने | शिक्षा क्षेत्र | ०० | नगरपालिका | नगरपालिका | ३ देखि ६ महिना |
| ८ | | दक्ष प्राविधिक द्वारा जिर्ण तथा आंशिक क्षति भएको बिद्यालयमा कक्षा संचालन गर्न हुने वा नहुने बिश्लेष्ण गरी भवन सवलिकरणको कार्य अगाडी बढाउने | शिक्षा क्षेत्र | ८ लाख | नगरपालिका | नगरपालिका | ३ देखि ६ महिना |
| ९ | | विधालयमा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्वन्धि कक्षाहरु संचालन गर्ने | शिक्षा क्षेत्र | ०० | नगरपालिका | नगरपालिका | निरन्तर |
| १० | | मनोसामाजिक समस्या भएका वालवालिकाहरुलाई संरक्षण क्लष्टर संग समन्वय गरी मनोसामाजिक परामर्श दिने | शिक्षा क्षेत्र | १ लाख | नगरपालिका | नगरपालिका | १ वर्ष सम्म |
| ११ | | विधालय संचालनकोलागि आवश्यक पर्ने फर्निचर, डेस्क वेन्च, र अन्य शैक्षिक सामाग्रीहरुको व्यवस्था गर्ने | शिक्षा क्षेत्र | १० लाख | नगरपालिका | नगरपालिका | १ वर्ष भित्र |
| १२ | | बिद्यालय वाल तथा खेल मैदान लगायत अन्य संरचना मर्मत संभार, सुधार तथा पुर्न निर्माण कार्य गर्ने | शिक्षा क्षेत्र | १५ लाख | नगरपालिका | प्रदेश सरकार तथा सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष |
| **२. खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र** | | | | | | | |
| | | **व्यवस्थापनका क्रियाकलाप** | | **बजेट** | **स्रोतको व्यवस्था** | | |

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | | मुख्य जिम्मेवारी | | आन्तरिक | बाह्य (सहयोगी) | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | बढीबाट खानेपानीको श्रोत संक्रमित भई शुद्ध खानेपानीको अभाव तथा बातावरणिय प्रदुषण भएको र खडेरी, भुकम्प तथा आगलागीबाट समान्य क्षति भएको | आंशिक रुपमा नष्ट भएका खानेपानी र शौचालय जस्ता संरचनाहरुको मर्मत गर्ने, प्रवलीकरण गर्ने | खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र | २ लाख | नगरपालिका | सहयोगी संघ संस्था | ३ देखि ६ महिना |
| २ | | पूर्णरुपमा नष्ट भएका खानेपानी (टंकी, धारा, हातेकल, पाइपलाइन) र शौचालय जस्ता संरचनाहरुको पुननिर्माण गर्ने र पुन निर्माण गर्दा बहुप्रकोपबाट सुरक्षित हुने गरी अवधारणा निर्माण गर्ने | खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र | १० लाख | नगरपालिका | प्रदेश सरकार तथा सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष सम्म |
| ३ | | खानेपानीका मुहानहरु संरक्षण गर्ने, मर्मत गर्ने र दुषित हुन नदिन ढकनहरु राख्ने, वृक्षारोपण गर्ने | खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र | २ लाख | नगरपालिका | सहयोगी संघ संस्था | ३ देखि ६ महिना सम्म |
| ४ | | १ घर १ शौचालय अभियान संचालन गर्ने साथै आवश्यकता अनुसार सार्वजनिक शौचालयन निर्माण गर्ने | खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र | २० लाख | नगरपालिका | सहयोगी संघ संस्था | ३ महिना देखि २ बर्ष सम्म |
| ५ | | खानेपानी शुध्दिकरण सम्वन्धि जनचेतना अभिवृध्दि गर्ने र पानी शुध्दिकरणका सामाग्रीहरु वितरण गर्ने जस्तै पियुष, एक्वाट्याब, फिल्टर आदि | खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र | २ लाख | नगरपालिका | सहयोगी संघ संस्था | ३ महिना देखि ६ महिना सम्म |
| ६ | | पुर्ण सरसफाइ, अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | खानेपानी तथा बातावरणिय सरसफाई क्षेत्र | ५० हजार | नगरपालिका | सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष सम्म |
| ७ | | आवश्यकता अनुसार हाइजीन किटहरु निरन्तर रुपमा वितरण गर्ने | खानेपानी तथा बातावरणिय | ५ लाख | नगरपालिका | सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सरसफाई क्षेत्र | | | | |
| ८ | | प्रभावित स्थलमा डस्ट विनहरु उपलव्ध गराउने र घर तथा शिविरबाट निस्केका फोहरुहरु व्यवस्थित गर्ने | खानेपानी तथा बातावर्णिय सरसफाई क्षेत्र | १लाख | नगरपालिका | सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष सम्म |

**३. कृषि तथा जिविकोपार्जन**

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | हावाहुरी, बाढी, आगलागी तथा भूकम्पबाट पुर्ण तथा आंशिक रुपमा पशुगोठहरु भत्केको र पशुहरु, गाई, भैसी, वाखा, सुंगुर मरेको र घाइते भएकोमा जिविकोपार्जनमा असर पुगेको । साथै बाढीबाट हजारौ बिग्हा बालीनाली नष्ट भई खाद्यान्न समस्या भएको । | प्रभावितहरुकोसमुदायको इच्छा, चाहना र दक्षता अनुसार आयआर्जन, सीपमुलक र छिटो फाइदा दिने व्यवसायहरुको तालिम दिने जस्तै बेमौसमी तरकारी खेती, बगर खेती, खुद्रा पसल, माहुरी पालन, वाखा कुखुरा पालन आदि | कृषी तथा जिविकोपार्जन क्लष्टर | ५ लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संस्था | ३ देखि ६ महिना सम्म |
| २ | | कृषकहरुलाई विउ विजन, मलखाद र सिंचाईकालागि सामाग्रीहरु उपलव्ध गराउने | कृषी तथा जिविकोपार्जन क्लष्टर | २० लाख | नगरपालिका | प्रदेश सरकार र सहयोगी संघ संस्था | |
| ३ | | बाली तथा पशु विमा गरिएको छ भने विमा गरिएको रकम उपलव्ध गराउन सहयोग गर्ने | कृषी तथा जिविकोपार्जन क्लष्टर | ०० | नगरपालिका | बिमा कम्पनी | |
| ४ | | प्रभावितहरुकोलागि जिविकोपार्जन सहयोग पुरयाउन आर्थिक अनुदान दिने अर्थात बैंक मार्फत सस्तो व्याजदरमा ऋण उपलव्ध गराउने | कृषी तथा जिविकोपार्जन क्लष्टर | ५० लाख | नगरपालिका | बितिय संस्था | |
| ५ | | विग्रेका, भत्केका, र क्षति भएका पशुगोठहरु र सिंचाई संरचनाहरु पुन: अव वहु प्रकोपबाट सुरक्षित हुने गरी पुननिर्माण गर्ने | कृषी तथा जिविकोपार्जन क्लष्टर | ०० | नगरपालिका | प्रदेश सरकार र सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | | दक्ष पशु प्राविधकद्धारा घाइते पशुहरुको उपचारमा सहयोग गर्ने | कृषी तथा जिविकोपार्जन क्लष्टर | २ लाख | पशु शाखा | नगरपालिका | ३ देखि ६ महिना |
| ७ | | पशु आहारकोलागि दाना, पराल, घांस आदि सहयोग गर्ने र छिटो उम्रने घांसहरुका विउहरु उपलब्ध गराउने | कृषी तथा जिविकोपार्जन क्लष्टर | ५ लाख | नगरप्रहरी | नगरपालिका | ३ देखि ६ महिना |
| ८ | | प्रभावितहरुको अन्य वैकल्पीक रोजगारीको व्यवस्था मिलाउने ( रोजगारदाता तथा प्रधानमंत्री रोजगार कार्यक्रममा समन्वय गर्ने) | कृषी तथा जिविकोपार्जन क्लष्टर | ०० | नगरपालिका | प्रदेश सरकार तथा सहयोगी संघ संस्था | |
| ९ | | प्रभावितहरुकोलागि सामाग्रीहरु खरिद गर्दा छुट दिने व्यवस्था मिलाउने | कृषी तथा जिविकोपार्जन क्लष्टर | १० लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | |
| १० | | सार्वजनिक भौतिक पुर्वाधार निर्माणका कार्यमा कामका लागि पारिश्रमिक कार्यक्रम संचालन | कृषी तथा जिविकोपार्जन क्लष्टर | २५ लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ६ महिना देखि २ बर्ष सम्म |
| ११ | | साना सिचाइका लागि अनुदान कार्यक्रम संचालन | कृषी तथा जिविकोपार्जन क्लष्टर | ३० लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | |

**४. संरक्षण कलष्टर**

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | भूकम्प, बाढी, आगलागी र हावाहुरीबाट महिला, वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउँने तथा विशेषज्ञ सेवा चाहिए आवश्यक व्यवस्था गर्ने र औषधी उपचार गर्ने | संरक्षण क्लष्टर | ५ लाख | नगरपालिका | नगरपालिका | ३ महिना देखि १ बर्ष सम्म |
| २ | | मानसिक तनाव कम गर्न प्रभावितहरुलाई सामाजिक तथा पुनर्निर्माण कार्यमा संलग्न गराउँने | संरक्षण कलष्टर | ०० | नगरपालिका | सुरक्षा निकाय तथा सहयोगी संस्थाहरु | ३ महिना देखि २ बर्ष सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | नागरिककलाई लैगिंकताको अधारमा बिशेष किसिमको समस्या हुने, वालवालिकाहरु वेचविखनमा पर्न सक्ने र यौन दुर्व्यवहार हुने | पुनर्निर्माण निर्णय प्रक्रिया तथा पुनर्निर्माणका लागि पाउँने सहायताका विषयमा जानकारीहरु उपलब्ध गराउँने | संरक्षण कलष्टर | ०० | नगरपालिका | सुरक्षा निकाय तथा सहयोगी संस्था | ३ महिना देखि १ बर्ष सम्म |
| ४ | | विछोडिएका वालवालिकाहरुको परिवार संग पुनर्मिलन गराउने | संरक्षण कलष्टर | ०० | | | ३ महिना देखि २ बर्ष सम्म |
| ५ | | डिगनिटी तथा सरसफाइ सामाग्री बितरण गर्ने | संरक्षण कलष्टर | ५ लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि १ बर्ष सम्म |
| ६ | | प्रभावित वालवालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिककलाई मनोसामाजिक परामर्श दिने | संरक्षण कलष्टर | ०० | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि १ बर्ष सम्म |
| ७ | | बेचविखन, हिंसा, यौन दुर्व्यवहार, भेदभाव सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने | संरक्षण कलष्टर | २ लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि ६ महिनासम्म |
| ८ | | वैदेशिक रोजगार सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने र वैदेशिक रोजगारमा जानेलाई सचेत गराउने | संरक्षण कलष्टर | ५० हजार | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि २ बर्ष सम्म |
| ९ | | राज्यबाट प्रदान गरिएका सामाजिक सुरक्षाका सुविधाहरुवारे जानकारी दिने | संरक्षण कलष्टर | ०० | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि २ बर्ष सम्म |
| १० | | विधालय भर्ना, पोषण, खोप, जन्मदर्ता जस्ता विषयमा जनचेतना अभिवृध्दि गर्ने | संरक्षण कलष्टर | ५० हजार | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि १ बर्ष सम्म |
| ११ | | हिंसा, वेचविखन, यौन दुर्व्यवहार, शोषण सम्वन्धि जनचेतना जगाउने | संरक्षण कलष्टर | ५० हजार | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि २ बर्ष सम्म |
| १२ | | निगरानी समुहले हिंसा, वेचविखन, यौन दुर्व्यवहार, शोषण हुन नदिन संग मिलेर निगरानी राख्न | संरक्षण कलष्टर | ०० | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि २ बर्ष सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | | निरन्तर परामर्श तथा अनुगमन | संरक्षण कलष्टर | १ लाख | नगरपालिका | नगरपालिका तथा सहयोगी संघ संस्था | ३ महिना देखि १ बर्ष सम्म |

**६. आपतकालिन आवास र गैर खाद्यय सामाग्री**

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | भूकम्प, बाढी, आगलागी र हावाहुरीबाट घरहरु आंशिक या पूर्णरुपमा क्षति भइ जनसंख्यालाई आवासको समस्या भएको | भवन निर्माण आचार सहिंता लागु गरि बहुप्रकोप प्रतिरोधी भत्केका घरहरु, विद्यालय तथा अन्य भौतिक संरचनाको पुनर्निर्माणको काम गर्ने | आसास तथा गैर खाद्यय कलष्टर | २ करोड | नगरपालिका | नगरपालिका | ३ महिना देखि २ बर्ष सम्म |
| २ | | वित्तीय संस्था तथा सहकारीसँग समन्वय गरि आवास निर्माणका लार्गी सहुलियत ऋण उपलब्ध गराउँने | आसास तथा गैर खाद्यय कलष्टर | ०० | नगरपालिका | नगरपालिका | ३ महिना देखि १८ महिना सम्म |
| ३ | | विभिन्न आर्थिक अवस्था भएका परिवारका लागि बिभिन्न मोडल आवासहरुको डिजाईन उपलब्ध गराउँने तथा निर्माणकालागी प्राविधिक सेवा प्रदान गर्ने | आसास तथा गैर खाद्यय कलष्टर | ०० | नगरपालिका | नगरपालिका | ३ महिना देखि २ बर्ष सम्म |
| ४ | | अति विपन्न परिवारको आवास निर्माणका लागि कामका लागि नगद कार्यक्रम सञ्चालन गर्ने | आसास तथा गैर खाद्यय कलष्टर | २५ लाख | नगरपालिका | नगरपालिका | ३ महिना देखि २ बर्ष सम्म |
| ५ | | सार्वजनिक स्थल तथा भवन पुनर्निर्माणका कार्यहरु सञ्चालन गर्ने जस्तै विद्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, सामुदायिक भवन, नदी तट्बन्ध, सिंचाई, सडक तथा कल्भर्टको निर्माण गर्ने | आसास तथा गैर खाद्यय कलष्टर | ३ करोड | नगरपालिका | नगरपालिका | ३ महिना देखि २ बर्ष सम्म |
| ६ | | नगदका लागि काम कार्यक्रम संचालन गर्ने | आसास तथा गैर खाद्यय कलष्टर | ५० लाख | नगरपालिका | नगरपालिका | ३ महिना देखि २ बर्ष सम्म |

# खण्ड-५: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता

यो योजनाको अनुगमन, मूल्याङ्कन, अद्यावधिक तथा परिमार्जन निश्चित विधि र समयको अवधिको अन्तरालमा गरिने छ। त्यस कार्यका लागि समितिले स्थानीय स्तरका कार्यालयहरूसँग समन्वय र सहकार्य गरी अनुगन तथा मूल्याङ्कनका शिद्धान्तहरूलाई अनुसरण गरि योजनाको नियमित अनुगमन तथा निश्चित समयावधिमा मूल्याङ्कन गर्ने छ। नगरपालिकामा रहेको स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत सुचना, समन्वय तथा पूर्वसुचना उपसमितिले अनुगमन गर्ने छ। यो योजनाको मूल्याङ्कन बार्षिक रूपमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको बैठक बसी गरिने छ। सो बैठकले हासिल गरेको उपलब्धी, चुनौति तथा सिकाईको आधारमा आगामी दिनका लागि कार्यक्रमहरु तय गर्ने छ। यो योजनाको अद्यावधिक तथा परिमार्जन प्रत्येक २ बर्षमा गरिने छ भने पुनरावलोकन तथा पुनर्लेखन प्रत्येक पाँच बर्षमा गरिने छ। अद्यावधिक तथा पुनरावलोकनका लागि विज्ञ तथा साझेदारको सहयोग लिईने छ। अनुगमन, मूल्याङ्कन, अद्यावधिक तथा परिमार्जनका कार्यहरु निम्नानुसार गरिने छ।

**१. उपसमिति गठन:** यो योजना कार्यान्वयनका लागि विभिन्न उपसमितिहरु गठन गरिने छ। ती समितिहरुले तोकिए बमोजिमको कार्य गर्ने छन्। यस नगरपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमा रहने उपसमिति, त्यसको संयोजक तथा सदस्यहरु अनुसूची १ मा राखिएको छ। ती उपसमितिहरु मध्ये सुचना, समन्वय तथा पूर्वसुचना उपसमितिले योजनाको अनुगमन, मूल्याङ्कन, अद्यावधिक तथा परिमार्जनको नेतृत्व लिने छ।

**२. अनुगमन प्रक्रिया:** सहभागितामा आधारित अवलोकन तथा समीक्षा बैठक गरि यो योजनाको अनुगमन गरिने छ। अनुगमनका लागि सुचना, समन्वय तथा पूर्वसुचना उपसमितिको बर्षमा कम्तिमा पनि ३ वटा बैठक बस्ने छ। योजनामा उल्लिखित कार्यक्रमहरुको सुची र सुचक बनाई अनुगमन गरि समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समितिको बैठकमा प्रगति प्रस्तुत गरिने छ। प्रगति, समस्या तथा चुनौतिको आधारमा नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यक निर्णय गर्ने छ।

**३. मूल्याङ्कन:** स्थानीय विपद् तथा जलवायु उत्थमनशील समितिले बार्षिक रूपमा यो योजनाको मूल्याङ्कन गर्ने छ। कार्यक्रमको प्रगति, चुनौति, समस्या, सान्दर्भिकता, कार्यकुशलता, प्रभावकारीता, अपेक्षित उपलब्धी हाँसिल, दिर्घकालिन परिवर्तन जस्ता विषयमा छलफल गरी यो योजनाको मूल्याङ्कन हुने छ।

**४. योजनाको अध्यावधिकता:** योजनाको कार्यान्वयका क्रममा भएका पाठ सिकाइ, अनुभव र चुनौती सुधार गर्नुपर्ने बिषयबस्तुलाई समावेस गरि योजनालाई सहज र प्रभावकारी बनाउन व्यापक जनसहभागिताका साथमा २/२ बर्षको अवधिमा वा आवश्यकताका अधारमा प्रत्येक ५ बर्षमा परिमार्जन तथा पुर्नलेखन गरिने छ

## अनुसुचिः २ बिषयगत क्षेत्र प्रमुख तथा सदस्यहरुहरुको बिवरणः

| सि.नं. | विषयगत क्षेत्र | नेतृत्व | | स्मन्वयकर्ता | |
|---|---|---|---|---|---|
| | | अगुवा | सम्पर्क विवरण | सम्पर्क व्यक्ति | सम्पर्क विवरण |
| १ | समन्वय, तथा सुचना व्यवस्थापन | गंगा पासमान-प्रमुख | ९८२८३०५५७ | राम नरायण साह-प्र. प्र. अ | ९८५२८४७११ |
| २ | कृषि, खाद्यय तथा जिविकोपार्जन | मोहन बहादुर खत्री | ९८५२८३७४०१ | कृषि, रोजगार संयोजक र पशु शाखा प्रमुख | |
| ३ | खोज तथा उद्धार | कपलेश्वर यादब | ९८५२८३७४०३ | नेपाल प्रहरी, नेपाली सेना, सरोज पासमान, स्वेमसेवक, शस्त्र प्रहरी प्रतिनिधि | |
| ४ | खानेपानी, सरसफाई तथा स्वच्छता | चन्द्र भुषण खाती | ९८५२८३७४०५ | प्राविधिक, स्वास्थय शाखा कर्मचारी | |
| ५ | स्वास्थ्य तथा पोषण | प्रकाश अधिकारी | ९८५२८३७४०८ | स्वास्थय शाखा प्रमुख, | |
| ६ | संरक्षण | ज्ञानु क्षेष्ठ | ९८५२८३०५५६ | शन्भु साह तथा महिला तथा बालबालिका शाखा कर्मचारी | |
| ७ | शिक्षा | राधा खानाल | ९८६०२९३२३९ | शिक्षा शाखा प्रमुख | |
| ८ | गैरखाद्य सामग्री तथा आपतकालिन आवास | बहादुर महरा | ९८५२८३७४०९ | जिन्सी र प्राविधिक शाखा कर्मचारी | |

# अनुसुची : २

## क.स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकार

- नगरपालिका क्षेत्रको विपद् तथा जलवायु उत्थानशील तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नु,
- जिल्ला विपद् व्यवस्थापन समिति र नगरपालिका स्तरमा गठन हुने विपद् व्यवस्थापनसम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुर्‍याउनु,
- नगरपालिकास्तरका कर्मचारी, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद्सम्बन्धी तालिम, प्रशिक्षण दिने वा दिने व्यवस्था मिलाउनु,
- विपद् व्यवस्थापनका लागि समुदाय, गाउ“ वा वडा स्तरीय विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउनु,
- विपद् तथा जलवायु उत्थानशील क्रियाकलापका लागि  वार्षिक बजेट छुट्याउनु,
- विपद्को अवस्थामा वा विपद् जोखिम न्यूनीकरणका गतिविधिमा बजेट परिचालन तत्कालै हुने व्यवस्था मिलाउनु,
- विपद् प्रभावित क्षेत्रमा उद्धार, राहतको व्यवस्था गर्नु,
- नगरपालिका स्तरको विपद् जोखिम नक्सा बनाउने,
- विकास निर्माणका योजनामा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका अवधारणालाई मूलप्रवाहीकरण गर्ने गराउने तथा त्यससग सम्बद्ध कार्य गर्नु पर्नेछ,

## योजना तर्जुमाकार्यशाला गोष्ठीका केही तस्वीरहरुः







न्यू एभरेष्ट
होटल एण्ड लज


स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माणका
लागी कार्यशाला गोष्ठी
Plan (LDCRP)
स्थान: न्यू एभरेष्ट होटल एण्ड लज, मिर्चैया


Workshop on Local Disaster and Climate Resilience
Plan (LDCRP)


Workshop on Local Disaster and Climate Resilience
Plan (LDCRP)